# दोस्रो दिन

- जनवकालतको अर्थ र उद्देश्य
- जनवकालत र सुशासनको सम्बन्ध
- जनवकालतका चरणहरू - सवाल पहिचान र विश्लेषण



# सत्र – ५
# जनवकालतको अर्थ र उद्देश्य

समय: २ घण्टा

### सत्रको समग्र उद्देश्य

जनवकालतको वैचारिक धारणाको ढाँचा, रणनीति र साधनहरूका बारेमा परिचित हुनु ।

### सत्रको विशेष उद्देश्य

- पहिलो दिनका सत्रहरूको पुनरावलोकन गर्ने ।
- जनवकालतका विभिन्न परिभाषाको विश्लेषण गर्ने ।
- स्थानीय सन्दर्भमा जनवकालतको प्रासंगिकता जाँच गर्ने ।
- जनवकालत के हो वा के होइन भन्ने कुरा पहिचान गर्ने ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप ५.१ पहिलो दिनको पुनरावलोकन | ३० | (३०) |
| क्रियाकलाप ५.२ जनवकालतको एउट परिभाषाको सिर्जना | ४५ | (७५) |
| क्रियाकलाप ५.३ जनवकालतको लक्ष्य र उद्देश्य | १५ | (९०) |
| क्रियाकलाप ५.४ जनवकालत के होईन | १५ | (१०५) |
| क्रियाकलाप ५.५ पूर्णछलफल र निष्कर्ष | १५ | (१२०) |

### पूर्व तयारी

- तालिम कार्यशालाको यो महत्त्वपूर्ण सत्र भएकाले बढो होसियारीपूर्वक सञ्चालन गर्नुपर्दछ । जनवकालत संस्था वासिङ्गटन, अमेरिका र राष्ट्रिय जनवकालत अध्यायन केन्द्र, पुना, भारतले दिएका दुईवटा परिभाषा यस निर्देशिकामा समावेश गरिएका छन् । यद्यपि सहजकर्ताले जनवकालतका बारेमा गहिरो अध्ययन र अनुभवबाट राम्रो ज्ञान हासिल गरेको हुनुपर्दछ ।
- विशेष गरी सहजकर्ताले सैद्धान्तिक पक्षलाई फिल्डबाट हासिल गरेका व्यावहारिक उदाहरणसित सम्बन्धित गराउन सक्नुपर्दछ ।
- केही प्रकाशित सामग्री, पुस्तक, लेख, सन्दर्भ सूची, पत्रिका आदि तालिम कक्षमा प्रदर्शनका लागि तयार गर्नुपर्दछ । जनवकालतको सैद्धान्तिक पक्षमा जानकारी बढाउन चाहने सहभागीलाई प्रदर्शनमा राखिएका सामग्रीको अध्ययन गर्न लगाउन सकिन्छ । यसका लागि तालिम कक्षभित्र एउटा कुनामा त्यस्ता पाठ्य सामग्री प्रदर्शन गर्ने ठाँउ बनाउन सकिन्छ ।
- अध्ययन र अनुसन्धान गर्न चाहने व्यक्तिका लागि यदि आफूलाई थाहा भएमा वा सम्भव भएमा इन्टरनेटको वेबसाइट बताइ दिन सके सहभागीका लागि लाभदायक हुन्छ ।

**यस सत्रका लागि आवश्यक सामग्री**

स्रोत सामग्री ५.१ जनवकालत : धारणात्मक समझदारी ।
स्रोत सामग्री ५.२ जनवकालतका लक्ष्य र उद्देश्य ।
स्रोत सामग्री ५.३ कुन् कुरा जनवकालत होइन ।
स्रोत सामग्री ५.४ अधिकारमुखी र जनवकालतका तरिका बीच सम्बन्ध ।
स्रोत सामग्री ५.५ जनवकालतका लागि साधनहरू ।
स्रोत सामग्री ५.६ अभिनयका लागि दृश्यलेख (scenario)

**अन्य सामग्री**

# सहजकर्ताहरूका लागि सुझाव – ५

**क्रियाकलाप ५.१ अघिल्लो दिनको पुनरावलोकन ।**

समय: ३० मिनेट

सहभागीकेन्द्रित वा सहजकर्ताकेन्द्रित विधिको प्रयोग गरी पूर्व दिनका गतिविधिहरूको पुनरावलोकन गर्न सकिन्छ । सहभागीकेन्द्रित विधिअनुसरण गरी अघिल्लो दिनका पुनरावलोकन गर्दा २, ३ जना सहभागीलाई पुनरावलोकनको जिम्मा दिइएमा राम्रो हुन्छ । हरेक दिनको सत्रको समीक्षाका लागि त्यसै दिनका भिन्न भिन्न सहभागीको एक समूह बनाउनु पर्दछ ताकि उनीहरूले भोलिपल्ट बिहान पहिलो सत्र सुरु हुनुपूर्व अघिल्लो दिनका सत्रको पुनरावलोकन गर्नसकून् । अघिल्लो दिनका सत्रको विषयमा दैनिक पुनरावलोकन गर्नुपर्दछ । यसका लागि सहजकर्ता आफैले वा सहभागीलाई सोधेर वा स्वेच्छाले पुनरावलोकनकर्ताको छनोट गर्न सकिन्छ ।

सहभागीकेन्द्रित विधिको अनुसरण गर्न अथवा अन्य कुनै उपयुक्त विधिको प्रयोग गरी एक जना सहजकर्ताले तल उल्लेख भएअनुसार सत्रको प्रक्रिया सुरु गर्नसक्दछन् ।

- सत्रको सुरुमा सहभागीलाई तालिमका लागि गरिएको व्यवस्थाका बारेमा जस्तै : खाना, बस्ने, र अन्य समस्या वा मुद्दा केही छन् कि भनेर सोध्नु पर्दछ । बसाईको व्यवस्था सुविधाजनक भएन भने सहभागिको तालिममा मन लाग्दैन र सिकाइमा नकारात्मक असर पर्दछ । यदि कसैले कुनै प्रकारको समस्या सम्बन्धी कुरा उठाए भने त्यसको समाधान तुरन्त गर्नुपर्दछ वा समस्यालाई तत्काल सम्बन्धित व्यक्ति समक्ष पुऱ्याई दिनुपर्दछ । यदि कसैले गम्भीर प्रकारको कुरा उठाएमा उसलाई समस्य बारे छलफल गर्न अलग्गै कुनै समय दिनुपर्दछ वा सहजकर्तालाई भेट्न अनुरोध गर्नुपर्दछ ।
- सहभागीलाई हिजो के भयो ? भनेर खुला प्रश्न गर्दै सत्रको सुरु गर्नुपर्दछ । यो पनि अघिल्लो दिनको एक प्रकारको पुनरावलोकन हो । केही सहभागीका प्रतिक्रिया सुनिसकेपछि अघिल्लो दिनका सत्रको प्रभावकारिताका बारेमा छोटकरीमा सहभागीको विचार माग्ने । यो खण्डमा १५ मिनेट भन्दा बढी समय दिनु हुँदैन ।
  - **विषयवस्तु** : अघिल्लो दिनमा छलफल भएका सबै विषयवस्तु प्रस्ट भए नभएको कुरा सुन्ने र आफ्ना विचार सहभागी सामू राख्ने । विषयवस्तुबाट उनीहरू कतिको प्रभावित भए भन्ने कुरा बुझ्नु पर्दछ । तर यसो गर्दा अघिल्लो दिनमा छलफल भएका सबै विषयलाई स्मरण गराइ दिनु आवश्यक हुन्छ ।

**सहभागीको स्तर** : सहभागीताका बारेमा आफ्ना धारणा सहभागीसित आदान प्रदान गर्नुपर्दछ । उदाहरणका लागि यदि कुनै सहभागी बढी बोल्ने, कुनै कम बोल्ने या बोल्दै नबोल्ने या कुनैले अर्कोलाई होच्याउने वा सत्र छाडेर हिड्ने जस्ता कुरा भएको अनुभव भएमा सहभगीलाई यस्ता कुरा बताउनु पर्दछ र त्यस्ता क्रियाकलाप हुन नदिन के गर्नुपर्दछ भन्ने कुरामा सहभागीसित सूझाव माग्नु पर्दछ ।

**समयको पालना** : सत्रको प्रस्तुतीकरण तथा छलफलका लागि निर्धारित सयम पुग्यो या पुगेन, निर्धारित समयभित्र विषयवस्तु समेट्न सकियो कि सकिएन, तोकेको समयमा सहभागी आए कि आएनन् भन्ने विषयमा

आफ्नो विचार दिनुपर्दछ । यदि निर्धारित समय अपुग छ भन्ने लागेमा आवश्यक छलफल गरी परिवर्तन वा समायोजन गर्नुपर्दछ ।

- **अन्य रोचक घटना** : यदि अन्य कुनै रोचक घटना वा शिक्षात्मक रोचक सवालहरू भएमा सहभगीसित आदान प्रदान गर्नुपर्दछ ।
- अघिल्लो दिनमा सञ्चालित सत्रले सहभागीलाई के कस्तो प्रभाव पार्‍यो भन्ने कुरा सोध्नुपर्दछ । सहजकर्ताले सहभागीका कुरा धैर्यताकासाथ सुन्नु पर्दछ । यदि सहभागीले कुनै सुझाव दिएमा त्यस्ता सुझावलाई टिपोट गरी राख्नु पर्दछ ताकि आगामी सत्रमा सुधार गर्न सकियोस् । यो छलफल समय सीमासम्म गर्न सकिन्छ ।

### क्रियाकलाप ५.२ जनवकालतको एउटा परिभाषा सिर्जना गर्नु

समय: ४५ मिनेट

यो सत्रलाई विभिन्न तरिकाले प्रस्तुत गर्न सकिन्छ । एउटा तरिका तल उल्लेख गरिएको छ जुन समूह कार्यको माध्यमबाट गरिने छ ।

- जनवकालतको अर्थ प्रष्ट पार्नका लागि व्यक्तिगत तथा समूह कार्य ।
  - सर्वप्रथम प्रत्येक सहभागीलाई व्यक्तिगत रूपमा **जनवकालत के हो** ? भनेर प्रश्न गर्दा जनवकालतका बारे सहभागीको दिमागमा तत्काल जे जस्तो विचार उत्पन्न भइ उत्तर आउँदछ जस्ताको तस्तै छोटो वाक्य वा एक शब्दमा कागतमा लेख्न लगाउने ।
  - त्यसपछि सहभागीलाई दुई दुई जनाको जोडी बन्न लगाई जनवकालतको धारणाका विषयमा आएका शब्द वा वाक्यमा छलफल गरी उएटा साझा सूची तयार गर्न लगाउने ।
  - त्यसपछि सहभागीलाई चारजनाको समूह बन्न लगाउने तथा उनीहरूले दुई जनाको समूहमा तयार पारेका बुँदाहरूको सङ्कलन गरी ती बुँदाहरूबाट जनवकालतको पूर्णपरिभाषा तयार गर्न लगाउने ।
  - त्यसपछि प्रत्येक समूहलाई उनीहरूले तयार गरेको परिभाषालाई प्रस्तुत गर्न लगाउने । प्रस्तुत गर्दा कुनै पनि माध्यमको प्रयोग गर्न सकिन्छ । सहभगीले तयार गरेको परिभाषाका मुख्य मुख्य शब्दलाई सहजकर्ताले रेखाङ्कित गरिदिनुपर्दछ ।
  - प्रत्येक समूहलाई आफूले तयार पारेको परिभाषा प्रस्तुत गर्न लगाउने । त्यसपछि एक सहजकर्ताको हैसियतले समूहबाट सुझाव लिइसकेपछि सबै परिभाषाका मुख्य शब्दमा रेखाङ्कित गर्नुपर्दछ ।
  - त्यसपछि सम्पूर्ण सहभागीलाई चार समूहरूमा विभाजन गरी उनीहरूले तयार गरेको परिभाषाबाट निकालिएका मुख्य मुख्य शब्दाहरूको सूची तयार गरी जनवकालतको पूर्ण परिभाषा तयार गर्न लगाउने ।
  - विशेष परिस्थितिमा समूहको अवस्था हेरी आधारभूत चरणहरूलाई घटाउन पनि सकिन्छ । यसको सामान्य सिद्धान्त के हो भने व्यक्तिको बुझाइलाई सामूहिक बुझाइमा परिणत गर्नु हो ।

- हरेक समूहलाई आफूले तयार गरेको परिभाषा प्रस्तुत गर्न लगाउने । अन्त्यमा समूहले भनेका मूल शब्दहरूको प्रयोग गरी जनवकालतका चारवटा परिभाषा तयार हुन्छन् ।
- स्रोत सामग्री ५.१ मा उल्लेख भएका जनवकालतका विभिन्न परिभाषा पूर्णछलफलको यस सत्रमा प्रस्तुत गर्न सहभागीलाई लगाई सहभागीबाट बनाइएका परिभाषाका मुख्य शब्दहरूसँग के समानता वा फरक छ भन्ने कुरा पता लगाउन तुलनात्मक विवेचन गर्ने । त्यसपछि आफ्नो समूहबाट आएको मुख्य शब्द र

अन्य समूहबाट आएको परिभाषाको मुख्य शब्द बीच कुन् दृष्टिकोणले एकअर्कामा सम्बन्धित छन् त्यसको विश्लेषण गर्ने ।

### क्रियाकलाप ५.३ जनवकालतको लक्ष्य र उद्देश्य

समय: १५ मिनेट

- स्रोत सामग्री ५.२ मा उल्लेख भएका जनवकालतका उद्देश्य र लक्ष्य प्रस्तुत गर्ने ।
- यदि समय पुग्छ भने हिन्दु कुश हिमाली क्षेत्रमा जनवकालत किन आवश्यक छ भन्ने प्रश्न गर्दै सहभागीसँग छलफल सुरु गर्न समय मिलाउने । सहजकर्ताले आफ्नो समयको व्यवस्थापन आफैंले गर्नुपर्दछ । यदि यो समय धेरै लामो हुन्छ भने सहभागीलाई सत्रको अन्त्यमा छलफल गरिने कुराको आश्वासन दिँदै सत्र समाप्त गर्ने ।

### क्रियाकलाप ५.४ जनवकालत के होईन

समय: १५ मिनेट

धेरै मानिसले जनवकालतलाई धेरै विषयसित जोड्ने गरेका छन् । परिणामस्वरूप जनवकालत शब्दको अर्थ किटानका साथ यही हो भन्न कठिन तथा अस्पष्ट हुन गएको छ । यस प्रकारको द्विविधा हटाउन छलफल गर्न योजना बनाइएको हो । अत: सहजकर्ताले अर्को सत्र सुरु हुन अगावै यस विषयमा पनि प्रष्ट हुनु आवश्यक छ ।

- यस सत्रको सुरुआत एउटा छोटो अभिनयबाट गर्न सकिन्छ । यस अभिनयको दृश्य (स्रोत सामग्री ५.६ ) मा दिइएको छ । यो एउटा उदारहण मात्र हो । सहजकर्ताले आफ्नो समूहका लागि एकदमै उपयुक्त हुने खालको एउटा वास्तविक दृश्यको छनोट गर्नुपर्दछ । यस अभिनयका लागि पाँच मिनेट भन्दा बढी समय लगाउनु हुन्न किन भने सत्र समाप्त गर्ने बेला भइसकेको हुन्छ ।
- भूमिका प्रदर्श गरिसकेपछि सहभागीलाई आफूले प्रस्तुत गरेका भूमिकाका सम्बन्धमा विभिन्न शिक्षात्मक प्रश्न सोध्नु पर्दछ ताकि उनीहरूका जिज्ञासा पूरा हुन सकून् ।
- स्रोत सामग्री ५.३ ले सहजकर्तालाई यस सत्रको संक्षेपीकरण गर्नका लागि मद्दत गर्दछ । यस पछि सहजकर्ताले अन्य कुनै नयाँ मूलसङ्केत वा विचार भए त्यसको प्रयोग गर्न पनि सक्नेछन् ।

### क्रियाकलाप ५.५ पूर्ण छलफल र निष्कर्ष

समय: १५ मिनेट

- माथिको प्रस्तुतीकरण समाप्त भए पश्चात् पूर्णछलफल गर्नुपर्दछ । सहभागीलाई आफ्ना अनुभव, तालिमबाट प्राप्त प्रभाव, सुझाव, विचार र मनमा लागेका अन्य कुरा एकआपसमा आदान प्रदान गर्नुका साथै यस तालिममा सिकेका कुरा आफ्नो वास्तविक वस्तुस्थितिसित कतिको मेल खान्छन् भन्ने कुरा हेर्नका लागि अनुरोध गर्नुपर्दछ । धेरै सहभागीले स्पष्टताका लागि प्रश्न सोध्न सक्दछन् । सहजकर्तालाई सबै सहभागीका जिज्ञासा र प्रतिक्रिया बुझ्नका लागि पर्याप्त समय नहुन पनि सक्छ । समयको उपलब्धताका आधारमा छलफललाई रोकी जनवकालतका वैचारिक जानकारी प्रदान गर्ने (स्रोत सामग्री ५.१) दिइ राम्रोसँग पढ्न अनुरोध गर्न सकिन्छ ।

# सत्र – ५ का लागि स्रोत सामग्री

## ५.१ जनवकालत : वैचारिक समझदारी

शब्दकोश (Dictionary) अनुसार जनवकालतको अर्थ :

*"कुनै एक सार्वजनिक विचारालाई समर्थन गर्नु, एउटा कार्य वा एक विश्वास"*

Oxford Advanced learner's Dictionary

विकास कार्यको सन्दर्भ अन्तरगत हामीले धेरै तत्त्वलाई समावेश गर्नुपर्दछ । यसै परिप्रेक्षमा तीनवटा विभिन्न संस्थाले जनवकालतका सम्बन्धमा दिएका परिभाषाहरू निम्न बमोजिम छन् :

***"जनवकालत भनेको परिणामलाई प्रभावित गर्ने कामको अनुशरण गर्नु हो जसमा राजनीतिक, आर्थिक क्षेत्र जस अन्तरगत नीति निर्धारण, स्रोतको विनियोजन तथा सामाजिक प्रणाली तथा संस्थाहरू समावेश हुन्छन् – जसले जनताको जीवनलाई प्रत्यक्ष प्रभाव पार्दछ ।"***

(Advocacy institute (AI) working definition)

***"जनवकालत भनेको नियोजित र सङ्गठित कार्यहरूको सूची हो जसको प्रयोग सार्वजनिक नीतिहरूलाई प्रभावकारी रूपमा प्रभावित गर्न, तिनीहरूको कार्यान्वयन छेउलगाइएका जनतालाई सशक्त बनाउन गरिन्छ । एउटा उदारतावादी प्रजातान्त्रिक संस्कृतिमा प्रजातन्त्रका संवैधानिक र अहिंसात्मक प्रजातन्त्रको साधनहरूको प्रयोग गर्न अङ्गीकार गर्दछ ।"***

(National centre of Advocacy Studies India)

***"जनवकालत भनेको नीतिनिर्माताहरूलाई प्रभावित गर्ने संकल्पित प्रक्रिया हो"***

(CARE international)

परिभाषामा दिएको अर्थलाई हेर्दा जनवकालत सबै तहमा सुशासन प्राप्तिको एउटा प्रभावकारी मापक हो । (सुशासन छैटौं सत्रमा हेर्नुपर्दछ) । शक्ति विकेन्द्रीकरणको धारणाले केही निश्चित सहयोगी अवस्थाको पहिचान गरेको छ जसको प्रयोग समाजमा सुशासनको अवस्था विश्लेषण गर्ने सूचकको रूपमा प्रयोग गर्न सकिन्छ । यस अवस्थाले निजी र सार्वजनिक संस्थाहरूले गर्नुपर्ने कार्यहरूको मापकको व्याख्या गर्दछ । उदाहरणका लागि एक जना नागरिकले विभिन्न संस्था वा व्यक्तिले गरेको कार्यको विश्लेषण, प्रणालीको सही प्रयोग र अनुशरण, मापकको उपयोग, अनुसरण भएनभएको हेर्ने मौका तथा अधिकार हुन्छ । यी मापकअनुसार कार्यक्रम कार्यन्वयन भएका छन् वा छैनन् भनी समीक्षा गर्ने अवसर र अधिकार नागरिकलाई हुन्छ । यस्ता अधिकारको सम्मान गरिनुपर्दछ भन्ने कुरामा नै अधिकारवादी तरिकाले जोड दिएको छ । यदि व्यक्ति वा संस्थाहरूले लागु गर्नु पर्ने मापकहरूको कार्यन्वयन गरेनन् भने जनताले त्यसका विरुद्धमा आवाज उठाउँछन् । यसरी उठाएका आवाजलाई सम्बन्धित पक्षले गम्भीरताका साथ सुनिदिनु पर्दछ । त्यसकारण सुशासन, अधिकारमुखी तरिका, तथा जनवकालत अभियान एक अर्कासित घनिष्ट रूपमा आवद्ध छन् ।

माथि दिएका जनवकालतका परिभाषाहरूबाट हामीले पनि थप अन्तरदृष्टि प्राप्त गर्न सक्दछौं ।

जनवकालत भनेको परिणामलाई प्रभावित गर्ने कामको अनुशरण गर्नु हो जसमा राजनीतिक आर्थिक क्षेत्र अन्तरगत नीति निर्धारण, स्रोतको विनियोजन, सामाजिक प्रणाली तथा संस्थाहरू समावेश हुन्छन् जसले जनताको जीवनलाई प्रत्यक्ष प्रभाव पार्दछ। जनवकालतको विविधताको अनुभव र परिप्रेक्ष्य विभिन्न सन्दर्भमा जनवकालत संस्थाले के मानेको छ भने कुनै एक तरिकामा मात्र जनवकालत सीमित छैन । जनवकालतका क्षेत्रमा कार्यरत कार्यकर्ताले आफ्नो सन्दर्भमा तयार गरी प्रयोगमा ल्याएका विधिलाई पनि सम्मान गरी उनीहरूसित विचार आदान प्रदान गर्नुपर्दछ ।

***"जनवकालत भनेको नियोजित र सङ्गठित कार्यको सूची हो जसको प्रयोग सार्वजनिक नीतिलाई प्रभावकारी रूपमा प्रभावित गर्न, तिनीहरूको कार्यान्वयन छेउलगाइएका जनतालाई सशक्त बनाउन गरिन्छ ।एउटा उदारतावादी प्रजातान्त्रिक संस्कृतिमा, प्रजातन्त्रका संवैधानिक र अहिंसात्मक प्रजातन्त्रका साधनहरूको प्रयोग गर्न अङ्गीकार गर्दछ।"***

यस परिभाषाले के देखाउँदछ भने प्रजातान्त्रिक प्रक्रिया अन्तरगत राजनीतिक प्रणाली र जनवकालतका बीचमा प्रष्ट सम्बन्ध हुन्छ भन्ने कुरा NCAS ले पहिचान गरेको छ । NCAS ले के तर्क प्रस्तुत गर्दछ भने जनवकालतको पहल सेतुबन्धन (Bridging), प्रतिरोध (Resisting), संलग्नता र रणनीतिकरण गर्ने कुरामा केन्द्रित रहनुपर्दछ । अन्त्यमा जनवकालत पहल गरीबका लागि उपयुक्त नीति, राज्य संयन्त्रमा उनीहरूको ठाउँ सिर्जना गर्न दबाब दिन सक्षम एउटा शक्तिकको निर्माणमा देन्द्रित हुनुपर्दछ । त्यसकारण जनवकालत संस्थाकाअनुसार जनवकालतले समाजमा छेउलगाइएका जनतालाई सशक्त बनाउन सक्नुपर्दछ जसका कारण उनीहरू आफ्नो अधिकार खोज्न सक्षम हुन् । यो अत्यन्त महत्त्वपूर्ण पक्ष हो । गरीबलाई आफ्नो आवश्यकता पूर्तीका लागि उपहारको रूपमा अधिकार प्रदान गर्ने कदापि होइन ।

"***जनवकालत भनेको नीति निर्माताहरूलाई प्रभावित गर्ने सङ्कल्पित प्रक्रिया हो*** "। CARE ले पनि परिभाषामा प्रयोग भएका मुख्य शब्दलाई परिभाषित गरेको छ ।

- जनवकालत सङ्कल्पित प्रक्रिया हो । कसलाई प्रभावित गर्न प्रयासरत हुनुहुन्छ र नीतिमा कस्तो परिवर्तन गराउन चाहनु हुन्छ भन्ने कुरामा प्रष्ट हुनु जरूरी हुन्छ ।
- जनवकालतले नीति निर्माणकर्ताका निर्णयलाई प्रभावित गर्दछ । यो सरकारसित मुकाबिला गर्ने खालको होइन वा सरकारसित हमेशा झगडा गर्ने खालको पनि होइन ।
- जनवकालतले नीति निर्माणकर्ताको निर्णयलाई प्रभाव पार्दछ । निजी क्षेत्र तथा नागरिक समाजका कार्यकर्ताहरूले पनि आफ्ना विभिन्न तहमा नीति निर्माण सम्बन्धी निर्णय गर्दछन् ।

### माथिका परिभाषाहरुलाई एकै ठाउँमा राखेर विश्लेषण गर्दा

जनवकालतका परिभाषाको विश्लेषण गरी हेर्दा त्यसमा निम्नलिखित बमोजिमका तत्त्वहरू समावेश भएको पाइन्छ ।

- प्रासंङ्गिक वास्तविकतामा आधारित एक नियोजित, सङ्गठित र तार्किक कार्य हो ।
- एउटा प्रक्रिया हो जसले केही व्यक्ति वा संस्थाहरूले प्राप्त सन्दर्भ अन्तरगत उपेक्षा गरिएका विवेचनात्मक सवालहरूलाई प्रकाशमा ल्याउन खोज्दछ ।
- मानव अधिकार संवैधानिक ढाँचाभित्र विश्वास र दूरदृष्टिका साथ गरिने निश्चित कार्य हो ।
- गरीब तथा छेउलगाइएका वर्गको आवाजलाई न्याय प्राप्ति तथा सभ्यसमाजका लागि अघि बढाउने प्रक्रिया हो ।
- यो एउटा प्रक्रिया हो जसले जिम्मेबार सार्वजनिक कार्यालय सञ्चालकहरूको मनोवृत्तिलाई प्रभावित गर्दछ । जसले गर्दा उनीहरूले यी नियम कानुनको कार्यान्वयन गरून् । यसले गर्दा न्यायपूर्ण समाजको स्थापना आजको लक्ष्य र उद्देश्य हासिल गर्न सकियोस् । यसका लागि तर्क प्रस्तुत गर्दछ जसले गर्दा भावी सभ्यसमाजको स्थापना गर्न सकियोस् ।
- यो एउटा राजनीतिक प्रक्रिया हो । यद्यपि यसले राजनीतिक पार्टी र राजनीति भन्दा माथि तथा विचारमा आधारित राजनीतिक ध्रुवीकरणमा विश्वास गर्दछ।
- सरकारलाई जिम्मेबार र पारदर्शी बनाउने सङ्गठित प्रयास हो । तथा
- एउटा रणनीति हो जसले गरिबी हुनुका कारण र भेदभावलाई सम्बोधन गर्दछ तथा यसले दबाबमूलक सन्देशमार्फत नीतिकारहरूलाई नीति निर्माणका लागि गरिने निर्णयलाई प्रभावित गर्ने उद्देश्य राखेको हुन्छ ।

## ५.२ जनवकालतका लक्ष्य र उद्देश्यहरू

विकासे संस्थाहरूले गरिबी निवारणलाई आज एक प्रमुख प्राथमिकता दिएका छन् । यद्यपि धेरै अघिदेखि यो विषय एक प्रमुख सवालको रूपमा रहेको छ । धेरै लगानीका बावजुद पनि गरिबी अहिले विविध पक्षमा बढिरहेको छ । आवश्यकतामुखी तरिकाले विकासमा केही सकारात्मक परिवर्तन ल्याएको छ । तर दीगो परिवर्तन भने अझ पनि चुनौतिपूर्ण अवस्थामा नै छ । यी चुनौतिको सामना गर्नका लागि खोजपूर्ण तरिका आवश्यक छ भन्ने कुरा विकासे विशेषज्ञले महसूस गर्न थालेका छन् । गरीबको हित गर्ने नीति बनाउन प्रभावित गर्नु एक महत्त्वपूर्ण पक्ष हो भन्ने कुरा बुझेका छन् जसले दीगो परिवर्तन ल्याउन सक्दछ ।

हामी यस विचारमा कसरी आइपुग्यौं भन्ने कुरा विकासे कार्यकर्ताले सूक्ष्म र समष्टिगत रूपबाट महसुस गर्न थालेका छन् । निजी क्षेत्रमा धेरै कर्ता सम्लग्न छन् जस्तै : (बजार तथा नागरिक समाज), सार्वजनिक क्षेत्रमा (राज्य) सापेक्षित रूपमा शक्तिशाली हुन्छन् जसले सार्वजनिक नीतिहरू र क्रियाहरूबाट, जानिजानिकन वा अनजानमा अत्यधिक असुरक्षित बनाउन सहयोग पुऱ्याउँदछन् (खाद्यमा, जीवन यापनमा, स्वास्थ्यमा आदि) तथा गरीब तथा छेउलगाईएका वर्गको मानव अधिकारको उल्लघंन गर्दछन् । जनवकाललत पहलको अन्तिम लक्ष्य भनेको अधिकतम् जनताको असुरक्षालाई कम गर्नु हो । जब यस्तो पहल नीति निर्मातामा केन्द्रित हुन्छ र परिवार भन्दा माथिल्लो तहमा कार्यान्वयन हुन्छ, तब यसको जरा समाजको सबभन्दा तल्लो तहमा जस्तै : गरीब तथा छेउलगाइएका वर्ग र समुदायको वास्तविक जीवनको अनुभव र जनवकालतकर्ताको फिल्डको अनुभव, यस्तो पहल पनि समतामूलक समाजको मुख्य मूल्य र न्यायसित जोडिएका हुनुपर्दछ । त्यसकारण जनवकालत पहलको मतलब हो निम्नलिखित उद्देश्यहरू हासिल गर्नु :

- सामाजिक न्यायका लागि सहजीकरण - पहुँचमा वृद्धि तथा एउटा आवाजका लागि उचित संस्थाहरूको निर्णय तहमा वञ्चित समूहहरूको पहुँचमा वृद्धि ।
- जुन् संस्थाको निर्णयले जनता प्रभावित हुन्छन् त्यस्ता संस्था र जनता बीचको शक्ति सम्बन्धमा परिवर्तन गराउनु ताकि त्यस्ता संस्थाहरू आपसेआप परिवर्तन हुन थालुन् ।
- मानिसको जीवनमा प्रष्ट सुधार ल्याउनु ।




यस सन्दर्भमा जनवकालत पहलहरूले सामान्यतया सार्वजनिक सेवाको प्रवर्द्धन गर्दछ तथा वन्चित समुदायमा सामाजिक न्याय स्थापनाका लागि प्रयास गर्दछ । समुदायका उपेक्षित मानिसको कल्याणका लागि आफ्ना क्रियाकलाप केन्द्रित गर्दछ । यसका लागि जनवकालतले उपलब्ध सबै माध्यम, मञ्चहरू तथा विधिहरूको प्रयोगका मुद्दालाई अघि बढाउँदछ । यस प्रकारको कार्यबाट समाजमा गरीब तथा पछि परेका कमजोर जनताको हित वृद्धि हुन्छ जसको आवाज वर्तमान सामाजिक र राजनीतिक प्रणाली र नीतिनिर्माणको तहसम्म पुग्न सकेको छैन ।

- मानवीय असुरक्षा तथा मानव अधिकारको हनन् वर्तमान सरकारको कारणले मात्र हुँदैन यसका योगदानकर्ता विविध सार्वजनिक संस्थाहरू तथा प्राइभेट क्षेत्र पनि हुन सक्छन् ।
- गरीबी र विभेदको कारणको जरो विविध तहमा गरिने नीति सम्बन्धी निर्णय चाहे ती घरायसी हुन् वा अन्य तहमा हुन् । यो केवल मान्छेको अल्छीपन, अधिकसन्तान उत्पादन गर्ने प्रवृत्ति, थोरै कर्मचारीले गर्ने भ्रष्टचार अथवा यस्तै अन्य विषयहरू, उत्तरदायी तथा शक्तिशालीहरूले जिम्मेबारी नलिने आदि । शासन सञ्चालकका यस्ता नीति तथा व्यावहार नै गरिबी र विभेदीकरणका प्रमुख कारण हुन् । अर्को शब्दमा भन्नु पर्दा के कुरा प्रष्ट छ भने सत्तासीनको कृपाले भन्दा पनि उनीहरूको अन्यायपूर्ण कर्मले गर्दा गरिबी र विभेदीकरण विद्यमान छ ।

- सामाजिक असुरक्षा तथा मानव अधिकार हननमा वर्तमान सरकार मात्र नभएर अन्य विविध निजी तथा सार्वजनिक क्षेत्रमा काम गर्ने कर्ताहरूले पनि योगदान पुऱ्याइरहेका हुन्छन् ।
- बहुरूपी कारणहरू तथा नीतिगत कारणमा समेत लक्षित भएका फराकिला कार्यनीतिले मात्र इच्छित् लक्ष्य प्राप्त गर्न मद्दत गर्दछ ।
- विद्यमान नीति स्वीकार गर्नु भन्दा पनि गरीब तथा छेउलगाइएका वर्गको हितका लागि परिवर्तन गराउनु पर्दछ (लामो समयदेखि लागु गरिएका भए पनि) अपरिवर्तनीय रूपमा रहेका भए पनि जनवकालतले सबै नीति परिवर्तनशील हुन् भन्ने कुरामा मान्यता राख्दछ ।

माथिका छलफल भएका विषयको आधारमा हामी जनवकालतका रणनीति मुख्य तीन कुरामा केन्द्रित हुनु पर्ने कुरा पहिचान गर्न सक्छौं । (3 Ps)

**नीति:** नीतिको रचना तथा सुधार गर्नु ।

**प्रयोग:** नीतिहरू उचित रूपमा कार्यान्वयन भएको कुरा सुनिश्चित गर्नु ।

**जनता:** आफ्नो अधिकार दाबी गर्न जनतालाई सबल बनाउनु ।

गरिबी तथा विभेद उत्पन्न गर्ने कारण नीति हुन् भन्ने मन्यता छ किन भने नीति निर्माताहरूको निर्णय र व्यावहारमा (निजी र सार्वजनिक) प्रभावका साथसाथै कार्यान्यनकर्ता कर्मचारीमा विशेष जनताले प्रभावित पार्न सके हामी अन्तिम परिणामका लागि काम गर्न सक्छौं जसले जनताका अधिकारको पूर्णप्राप्ति, विपन्नको सामाजिक सुरक्षामा वृद्धि तथा लामो समयसम्म धेरै जनतामा दीर्घकालिन असर पार्न सक्दछ ।

## ५.३ जनवकालत के होइन ?

जब सुशासनको धारणा विकासको क्षेत्रमा एउटा प्रभावकारी विषय बन्दछ तब सबै क्षेत्रमा सुशासनको अभिवृद्धि गर्न जनवकालत एक माध्यम बन्दछ । यद्यपि सुशासनको धारणा धेरै व्यापक छ र यसको निश्चित प्रयोगमा पनि कठिनाई उत्पन्न हुन्छ (सुशासनको भागमा हेर्नुपर्दछ) । तसर्थ जनवकालत के होइन भन्ने कुरा किटान गर्नु महत्त्वपूर्ण हुन्छ । निम्न बुँदाहरूले यस सम्बन्धमा हामीलाई प्रष्ट हुन सहयोग गर्दछ ।

- **विस्तार कार्य:** विभिन्न विषयवस्तुलाई लक्ष्य गरी विस्तार गरिएका सबै कार्यहरू जनवकालत होइन । विस्तार कार्यको मुख्य उद्देश्य भनेको जीवनयापनका विभिन्न पक्षहरूसँग सम्बन्धित सूचना जनतालाई प्रदान गर्नु हो । विस्तार कार्य एउटा योजनाबद्ध कार्य हो जुन् व्यक्तिको निर्णयलाई प्रभावित गर्ने कुरामा केन्द्रित हुन्छ नकि नीति निर्माताहरूको निर्णयलाई ।
- **सूचना, शिक्षा र सञ्चार:** जनताका विशेष व्यावहारलाई व्यक्तिगत तहमा परिवर्तन गर्नका लागि सूचना, शिक्षा र सञ्चारका कार्यक्रम सञ्चालन गरिन्छ । उदाहरणका लागि स्वास्थ्य क्षेत्रमा चर्पीसुधारका लागि प्रयोग गरिन्छ वा कन्डमको प्रयोग बारे हुन्छ वा अन्य क्षेत्रमा प्रयोग गर्न सकिन्छ । तर जनवकालत यी सीमित प्रचार प्रसार कार्य भन्दा पनि अझै वृहद् अभियान हो । उदाहरणका लागि जनवकालत पहलले स्वास्थ्य क्षेत्रमा बढी बजेट विनियोजनका लागि प्रचार प्रसार गर्ने बारेमा वकालत गर्दछ ।
- **निश्चित संस्थाका बारेमा सरकारलाई जानकारी दिनु :** निश्चित उद्देश्यविना सामान्य सूचनाको आदान प्रदान मात्र जनवकालत हुन सक्तैन । जबसम्म योजनाबद्ध तरिकाले सरकार वा सरकारी विभाग तथा व्यापक क्षेत्रलाई प्रभाव पार्ने निश्चित क्रियाकलाप हुँदैनन् तब सम्म जनवकालत हुँदैन । त्यसकारण हामीले

विश्लेषण गरेका कुनै निश्चित सूचना सरकारी विभागलाई नीति निर्माणसित सम्बन्धित निर्णयलाई प्रभावित गर्ने उद्देश्यसहित दिन्छौं भने यो जनवकालतको काम हुन जान्छ ।

- **केही कार्यक्रमका बारेमा सार्वजनिक चेतना जगाउनु :** केही निश्चित संस्थाहरू तथा उनीहरूका कार्यक्रमका बारेमा सार्वजनिक जनचासो जगाउनका लागि विभिन्न सञ्चारका माध्यम प्रयोग गरी सूचना प्रवाह गरिन्छ । यस उद्देश्यका लागि वर्तमान समयमा वेबसाइट सामान्य माध्यम बनेका छन् । यस प्रकारका सूचना प्रवाहले कुनै विशेष सवालका बारेमा धारणा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँदछ भन्ने छैन । जनवकालत पहलको अभिप्राय नीति निर्माताहरूलाई सञ्चार माध्यमको प्रयोग गरी प्रभावित गर्नु पनि हो । फरक के छ भने जनवकालतका लागि सूचना प्रवाह गर्ने उद्देश्य कुनै निश्चित सवालमा केन्द्रित रहन्छ र सवाल सम्बन्धी निश्चित विचार उत्पन्न गराउँदछ ।
- **कोष वृद्धि :** जनवकालतको उद्देश्य कुनै खास संस्था वा उद्देश्यका लागि कोष वृद्धि गर्नु होइन । कहिलेकाही जनवकालत कोषवृद्धि सम्बन्धी निर्णयहरूलाई प्रभावित गर्नका लागि पनि प्रयोग हुन सक्तछ । यस प्रकारको जनवकालतको कारण कुनै संस्थालाई प्राप्त भइरहेको भन्दा पनि बढि कोष प्राप्त गर्न सक्तछ । यद्यपि यो जनवकालतले गर्न चाहेको अभिप्राय भने होइन ।
- **पहरेदारको रूपमा कार्य गर्नु :** केही निश्चित समूह वा वर्गको हितको रक्षा गर्नका लागि पहरेदारको भूमिका निर्वाह गर्नु जुन् कार्यले गर्दा उनीहरूलाई नकारात्मक असर पार्दछ । यद्यपि कुनै कुरा गलत भएमा वा गरेमा जनवकालत पहल गरिन्छ । यद्यपि पहरेदारको भूमिका निरोधात्मक उपाय हो भने जनवकालत पहल भनेको उपचारात्मक हो ।

## ५.४ अधिकारमुखी तरिका र जनवकालत बीच सम्बन्ध

विकासमा अधिकारमुखी तरिकाले गरिबीका मूलकारण तथा आधारभूत मानव मर्यादा उपर ध्यान केन्द्रित गराउनका लागि उत्साहित गर्दछ नकि गरिबीका लक्षण तथा शुद्ध भौतिक आवश्यकता पूरा गराउने तर्फ । विश्वमा धेरै जनता गरीब छन् अथवा विविध तरिकाले छेउलगाइएका छन् । विभिन्न विकासवादी संस्थाहरू विभिन्न कार्यसूचीको अख्तियारी लिएर कार्यरत छन् । यी सबै संस्था कुनै न कुनै प्रकारले गरिबीका कारण उत्पन्न पीडा कम गर्न आफ्ना सेवा प्रदान गर्दछन् । यद्यपि यस्ता पीडाका मुख्य कारण निवारण हुन सकेका छैनन् तथा परिणामस्वरूप हामी अधिकांश गरिबीको प्रभावमा आइसकेका छौं । यो वास्तविकता यति गम्भीर भइसकेको छकि गरिबी र छेउलगाइएका जनताको वास्तविकतालाई कुनै अर्थमा पनि नकार्न मिल्दैन । अधिकारमुखी तरिकाले त्यसरी परित्यक्त हुन भन्ने कुरालाई अस्वीकार गर्दछ र मूल कारणको निवारणका लागि कार्य गर्ने प्रयास गर्दछ साथ साथै तत्काल राहत दिने कल्याणका कार्यक्रमको महत्त्वलाई पनि अस्वीकार गर्दैन । अधिकारवादी तरिकाका आधारभूत चाहना (Thrusts) निम्नलिखित प्रकार छन्:-

- अन्तर्राष्ट्रिय स्तरमा व्यक्त भएका तथा विविध तरिकाले राष्ट्रिय तहका कानुनमा अनुदित मानवका जन्मसिद्ध अधिकारहरूलाई बुझ्नु ।
- सुविधाविहिन जनता वा समूहको लागि कार्यक्रम बनाउनु -तर यस्ता कार्यक्रम उनीहरूले भोगिरहेका भेदभाव र शोषणका पीडामा केन्द्रित हुनुपर्दछ केवल सामान्यतया भौतिक साधनको वञ्चितीकरण मात्र होइन ।
- शक्ति र राजनीतिसित गासिएका सवालहरू जुन् पहुँच भन्दा माथि मानिन्थ्यो त्यस्ता सवालहरूमा केन्द्रित हुनु ।

- शक्तिधारकहरूलाई सशक्त बनाउनु ताकि उनीहरूले यस समस्यालाई महसूस गरुन् तथा गरीबले अधिकारको दाबी गर्न सकून् कर्तव्यपालकहरूलाई समस्या समाधानको भाग बन्नलाई प्रोत्साहन गर्नु ।
- विकासे संस्थाहरूलाई (निजी तथा राज्य दुबै) आफूले काम गर्ने जनताप्रति जवाफदेही, पारदर्शी हुनका लागि प्रोत्साहित गर्नु । सुविधा प्रदानकर्ताका रूपमा उनीहरूलाई यी जवाफदेहीता र पारदर्शीताबाट भाग्न होइन ।
- विभिन्न तहमा विविध प्रकारका विकासे कार्यक्रमहरू पुनर्केन्द्रित गर्नु तल्लो तहमा (व्यक्ति, परिवार, साना समुदाय) मात्र होइन ।
- नीति निर्माता तथा कार्यान्वयनकर्तालाई जवाफदेही बनाउन जसले अरु जनताप्रतिको जिम्मेबारी पूरा गर्दैनन् खास गरी गरीब र छेउलगाइएका समुदायहरूप्रति जिम्मेबारी पुरा गर्दैनन् ।

## ५.५ जनवकालतका साधनहरू

नीति निर्माताहरूलाई प्रभावित गर्न तथा जनपरिचालन गर्नका लागि सार्वजनिक जनवकालत पहलहरू ऐतिहासिक रूपमा विविध साधनको प्रयोग हुँदै आएका छन् । जनवकालतको सन्दर्भमा सार्वजतिक सहयोग भनेको साधन र साध्य दुबै हो । परिवर्तन चाहनेका लागि सौदा बाजीको शक्ति बढाउन यो माध्यमका रूपमा प्रयोग हुन्छ भने आफ्नो अधिकारको दाबी गर्नका लागि जिम्मेबारी लिन र चेतना अभिवृद्धि गर्ने कार्य परिणामको रूपमा रहन्छ ।

जनवकालत पहलका साधनहरूमा समावेश हुने साधन हुन् आमसञ्चार, न्यायपालिका, कसैको पक्षमा बोल्ने, सञ्जाल, सदनमा प्रश्न उठाने, सूचनामा पहुँच, मनमिल्ने समूहहरूसँग सहकार्य, घरदैलो चेतना वृद्धि अभियान, प्रजातान्त्रीकरणमा जनपरिचालन, नागरिक अवज्ञा आदि हुन् । यी सबै साधनहरूमा विशेष प्रक्रिया, प्रयोगका अवस्था र छनोटमा रणनीति समावेश भएका हुन्छन् । जनवकालत पहलकर्ता यी सबै आवश्यकताका बारेमा परिचित हुनुपर्दछ ।

जनवकालत भनेको सामाजिक न्यायका लागि गरिने सङ्घर्ष हो जुन् सरल हुँदैन । समाजमा विविध प्रकारका अदृश्य मनोकामनाहरू वा स्वार्थ हुन्छन् । जब जनवकालतले यस्ता अदृश्य मनोकामनाहरू वा स्वार्थको विरुद्धमा आवाज उठाउँदछ तब यसमाथि विविध पक्षबाट आक्रमण हुन थाल्दछ जसलाई सहनु पर्ने हुन्छ । यस निर्देशिकाको मान्यता के छ भने विविध परम्परागत तथा नयाँ साधनहरू पहिले नै प्रकाशित साहित्यमा सजिलै उपलब्ध हुन्छन् । यी परम्परागत साधनहरू बाहेक विविध प्रकारका नयाँ साधनहरूको परीक्षण दक्षिण एशियाका विभिन्न देशमा प्रयोग भएका छन् । ती साधनहरू तल उल्लेख गरिएकोछ ।

### बजेट विश्लेषण

अत्यधिक चर्चामा आएको हालसालैको बजेट विश्लेषण भारतको गुजरात राज्यमा सन् १९८५ मा भएको थियो । विस्तारै यो धारणा भारतभरि लोकप्रिय भयो । वर्तमान समयमा भारतका अन्य राज्यका जनता सरकारको बजेट विश्लेषण गर्न इच्छुक भएका छन् ताकि उनीहरू आफ्ना आवाजलाई प्रत्यक्ष रूपमा गरीबलाई फाइदा पुग्ने गरी बजेट निर्माण संयन्त्रलाई प्रभाव पार्न सकियोस् जसरी बजार क्षेत्रले बजेटलाई प्रभाव पार्दछ ।

## जनवकालतलाई अध्यावधिक गर्नु

जनवकालत एउटा मात्र क्रियाकलाप हुन सक्दैन । यो एउटा घुमिरहने चक्र जस्तै हो भनिन्छ । एउटा सवालबाट अर्को सवालमा फड्को मार्दै गर्दछ अनि पुनः भिन्न तहमा पहिलेकै सवालमा फर्कन्छ । उदाहरणका लागि नेपालमा बँधुवामजदूरहरूको सवाल, भरखरै मात्र मुक्त भएका बँधुवा मजदूरहरूको सवाल उनीहरूको बसोबास गर्नु पर्ने सवालमा परिवर्तन भएको छ । धेरै जनवकालत गर्ने समूहलाई अरुले के गर्दैछन् भन्ने कुरा थाहा हुँदैन किन भने उनीहरूलाई पूरा सूचना प्राप्त भएको हुँदैन वा नजिकैको क्षेत्रमा वा देशहरूमा के हुँदैछ, त्यसकारण कहाँ के भइरहेको छ के कस्ता सवालहरू उठिरहेका छन् भन्ने कुराको निरन्तर अध्यावधिक गर्नु आवश्यक हुन्छ । यस्तो अध्यावधिकले व्यवसायिक सीप वृद्धि गर्दछ र उत्साहित गर्दछ । यस्तो अध्यावधिक गर्नुको मुख्य उद्देश्य के हो भने पारस्परिक अनुभव आदान प्रदान गरी सिक्नु हो । दक्षिण एसियामा NCAS अद्यावधिक गरेको सामग्री प्रकाशित गर्दछ जसले भारतभरि भएका जनवकालत पहलका विविध पक्ष र घटनालाई समावेश गरेको हुन्छ । अरू देश र समूहहरूले पनि यस प्रकारका अद्यावधिक सामग्री प्रकाशित गर्ने कुरामा विचार गर्न सक्तछन् ।

## मिडिया सर्वेक्षण

परम्परागत हिसाबमा सञ्चार क्षेत्रलाई सरकारको चौथौ अङ्ग वा चौथो हात भनेर चिनिन्छ किन भने सञ्चार क्षेत्रले जनवकालत सम्बन्धी प्रयासमा नीतिलाई महत्त्वपूर्ण रूपले प्रभावित गर्न मुख्य भूमिका खेल्दछ । वकालतकर्ताहरू जनवकालतमा कस्ता सञ्चार कस्ता माध्यमको छनोट र प्रयोग गर्नु पर्दछ भन्ने कुरामा स्पष्ट हुनुपर्दछ किन भने यो धेरै समय लाग्ने तथा कामको विशेषताअनुसार पनि हुन्छ । त्यसकारण जनवकालतको काममा लागेका व्यक्ति वा समूहले गम्भीर भई नियमित रूपमा सञ्चार माध्यमको अनुगमन गर्नुपर्दछ ताकि उनीहरूले उठाएका सवाललाई सही दिशामा अघि बढि रहेका छन् भन्ने कुरा निश्चित गर्न सकियोस् । यसका साथै यो पनि थाहा पाउन सकियोस् कि कहाँ र कुन् प्रकारको हस्तक्षेप गर्ने तथा सञ्चार माध्यमलाई प्रभातिव गर्ने भन्ने कुरा थाहा हुनु पर्दछ । यस प्रयोजनका लागि जनवकालतकर्ताले विभिन्न सवाललाई मूल विषयअनुसार समूहमा वर्गीकरण गर्न सकोस् जसले गर्दा सञ्चार माध्यमको लगातार सर्वेक्षण गर्न सरल हुन्छ । उदाहरणका लागि स्वास्थ्यको सवालमा जनवकालत गरिरहेको संस्थाले वकालत गरेको विषयका बारेमा वा उसले गरेको कामको प्रभाव थाहा पाउनका लागि कुनै छवटा मुख्य मुख्य पत्रिकाको सर्वेक्षण गर्न सक्दछ । त्यसपछि जनवकालतकर्ताले के कुरा थाहा पाउन सक्दछ भने कतिवटा यस्ता पत्रपत्रिकाले स्वास्थ्य सम्बन्धी सवाललाई मुख्य विषयवस्तु बनाएका छन् र प्रत्येकले कतिको प्राथमिकता दिएका छन् । सर्वेक्षेणबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी अरु धेरै स्रोताहरूसित जानकारी आदान प्रदान गर्न सक्दछ । NCAS ले यस किसिमको सर्वेक्षण गरी समय समयमा परिणाम प्रकाशित गर्दछ ।

## सामाजिक शक्ति विश्लेषण

जनवकालत लागि प्रत्येक सवालको परिणामसित सामाजिक शक्तिहरूको टकराव भइरहेका सवाललाई तीन समूहमा विभाजित गर्न सकिन्छ जस्तै : सहयोगी, विरोधी र तटस्थ समूह । सहयोगी र विरोधी शक्तिहरू सामान्यतः आफ्नै जनवकालतकर्ताप्रति निष्ठावान् हुन्छन् तर अधिकांश भने तटस्थ हुन्छन् । तसर्थ उनीहरूले कुनै न कुनै प्रकारले प्रक्रियालाई प्रभावित गर्न सक्ने सम्भावना रहन्छ । सवालको समाधानका लागि जनवकालतकर्ताले त्यस्ता तटस्थ शक्तिहरूलाई सहयोगी शक्तिका रूपमा परिणत गर्ने प्रयास गर्नुपर्दछ । यद्यपि यो समय लाग्ने प्रक्रिया भएकाले तटस्थ शक्ति विरोधी शक्तिसित पनि मिल्न सक्दछ । यो कुरा जनवकालत पहलले उठाएका सवाल तथा क्रियाकलापमा भरपर्दछ । त्यसकारण तटस्थ सामाजिक शक्तिको गतिको अनुगमन

गर्नु उचित हुन्छ तथा के त्यसको झुकाव सहयोगी वा विरोधीपक्षतर्फ छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यो कुरा गोष्ठी तथा सार्वजनिक सुनुवाइ र अनौपचारिक छलफलका माध्यबाट थाहा पाउन सकिन्छ ।

### क्षमता अभिवृद्धि

क्षमता अभिवृद्धिका कार्यक्रमहरू आफैमा: जनवकालतका साधन होइनन् । यद्यपि सबै क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरूले सुशासन अभिवृद्धि गर्न जनवकालतका साधनको रूपमा सहयोगी हुन्छन् किनभने खराब शासन जानिजानि घटित हुँदैन । स्थानीय तहमा काम गर्ने व्यक्तिहरूको कार्यदक्षताको अभावका कारण सुशासनका मापदण्डहरूलाई वेवास्ता गरिन्छ । यदि कसैले उनीहरूको क्षमता अभिवृद्धि गरिदिएको खण्डमा तिनीहरूमध्य केहीले कमसेकम सुशासनका लागि तय गरिएका नियमहरूको पालनाको सुरुवात गर्न सक्तछन् भन्ने कुरामा आशावादी हुन सकिन्छ । यसभन्दा अधिक जनवकालत शब्दको प्रयोग गरिरहनु पर्दैन । यदि श्रोताहरूले यस शब्दको प्रयोगमा असजिलो समसूस गर्दछन् भने पनि कुनै फरक पर्दैन ।

## ५.६ भूमिका निर्वाहको दृश्य

चारजना मानिसलाई यस नाटकको भूमिका गर्नका लागि तयार गर्नुपर्दछ । तीन जनाले गाउँलेको अभिनय गर्नुपर्दछ र एक जनाले विकासे कार्यकर्ताको भूमिका खेल्नुपर्दछ । विकासे कार्यकर्ताले गाउँमा भएका विविध क्रियाकलापबाट छलफल सुरु गर्नुपर्दछ । उनीहरूले खानेपानी, स्वास्थ्य र वातावरण आदि गाउँमा आवश्यक भएको कुराबाट छलफल सुरु गर्नुपर्दछ । गाउँलेले प्रष्टताका लागि अनेक प्रश्न सोध्नु पर्दछ । कुराकानीलाई लगभग तीन मिनेटमा समाप्त गर्नुपर्दछ ।

### प्रक्रिया

- तालिम कक्षको बीच भागमा छलफलका लागि गाउँलेहरूको वैठक बसाल्नु पर्दछ । उनीहरूसँग विकासे कार्यकर्ताले भनेका केही कुरा लेख्न वा सिक्नका लागि कापी, कलम दिनुपर्दछ ।
- विकासे कार्यकर्ता तोकेको समयभन्दा ढिलो आउँदछन् र सबैलाई अभिवादन गर्दछन् । विकासे कार्यकर्ता गाउँलेहरूसँगै बसेर त्यस दिनका छलफलको विषय सूची अघि सार्दछन् ।
- उनीहरू बीचको कुराकानी केहिबेर चल्दछ । बीचबीचमा गाउँलेले पनि प्रश्न सोध्न सक्दछन् । सहजकर्ताको रूपमा भूमिका निर्वाह गरिरहेका व्यक्तिले ती प्रश्नको उत्तर दिने प्रयास गर्नुपर्दछ । गाउँले र सहजकर्ताले कार्य प्रक्रियाका बारेमा औपचारिक रूपमा निर्णय लिन्छन् । के यो एउटा जनवकालत प्रयास हुनसक्छ ? हुन्छ भने किन ? र हुँदैन भने पनि किन ?

अन्त्यमा भूमिका प्रदर्शन सकेपछि छलफलमा आएका विविध बुँदासँग सम्बन्धित छलफल गराउनु पर्दछ र सत्रको समापन गर्नुपर्दछ । विकासको यस वर्तमान चरणमा अनेक व्यवसायीले हरेक चीज र पक्ष जनवकालत हो भनेका छन्। प्रत्येक विषयलाई जनवकालतमा समावेश गर्न चाहन्छन् जुन् वास्तवमा यी कुरा सहयोगी हुन सक्दैनन् । अत्यावश्यक रूपमा भित्रिमनबाट महसुस गरिएका मुख्य सवाल भनेको नागरिक समाजमा मानव अधिकारको संस्कृति विकास हुनु हो नकि राजनीति र न्यायिक घोषणाहरूमा मानव अधिकार सम्बन्धी विषय समावेश गर्नु । सबै तहमा मानव अधिकार सम्बन्धी विचार प्रदान गर्नका लागि सार्वजनिक क्षेत्रमा काम गर्ने अधिकारीलाई विविध तालिम दिने, शिक्षा दिने आदि माध्यमबाट मानव अधिकार सम्बन्धी विचारलाई अर्थपूर्ण तरिकाले प्रचारप्रसार गर्नुपर्दछ । (सहयोगका लागि स्रोतसामग्री ५.३ हेर्नु पर्दछ)

# सत्र – ६
# जनवकालत र सुशासनबीच सम्बन्ध

**सत्रको समग्र उद्देश्य**

सुशासनका अवरोधहरू पहिचान गर्नु तथा यस्ता अवरोधहरू हटाउनका लागि जनवकालत प्रयासलाई एक साधनको रूपमा प्रतिविम्बित गर्नु ।

**सत्रका विषेश उद्देश्यहरू**

- सुशासनका विशेषताहरू परिभाषित गर्नु ।
- स्थानीय स्तरमा सुशासनका अवरोधहरूको विश्लेषण गर्नु ।
- यस्ता अवरोधहरू हटाउनका लागि जनवकालतको आवश्यकता प्रतिबिम्बित गर्नु ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप ६.१ सुशासनको धारणा | १५ | (१५) |
| क्रियाकलाप ६.२ स्थानीय तहमा सुशासनमा अवरोध | ३० | (४५) |
| क्रियाकलाप ६.३ अवरोधहरू हटाउने तरिका पहिचानका लागि समूहकार्य | ४५ | (९०) |
| क्रियाकलाप ६.४ सुशासनका विशेषताहरू | ३० | (१२०) |

**पूर्व तयारी**

- यो सत्र पनि एउटा वैचारिक सत्र हो । यो सत्र सुशासन तथा जनवकालतको भूमिकाका बारेमा केन्द्रित छ जसले सुशासनलाई परिपोषित गर्दछ । यो सत्रको सहजकर्ता सुशासन तथा यसका मापन र विशेषताका बारेमा गहिरो ज्ञान भएको हुनुपर्दछ । यस निर्देशिकामा दिइएका बुँदाहरू छोटकरीमा भएकाले सहजकर्ताका लागि प्रयाप्त हुँदैनन् । तसर्थ सुशासनसँग सम्बन्धित अन्य किताबहरू पढ्नुपर्दछ ।
- सुशासन र यसका बारेमा गरिएका विविध व्याख्या तथा त्यसमा विशेष भिन्नताका बारेमा परिचित हुनु जरूरी छ । उदाहरणका लागि १) विश्व बैंक २) विकसित देश ३) नेपाल जस्ता विकासोन्मुख देशहरूका बारेमा गरिएको व्याख्या फरक हुनसक्छ र यसको कार्यान्वयन समेत महत्त्वपूर्ण रूपमा गरिन्छ ।
- हामी प्राय सुशासनका बारेमा अमूर्त कुरा गर्दा खुसी हुन्छौं । यद्यपि यस प्रशिक्षणको क्रममा सूक्ष्म तहमा गरिएका काम र व्यावहारिक पक्षमा केन्द्रित हुनु स्थानीय स्तरमा सुशासन अभिवृद्धिका लागि महत्त्वपूर्ण हुन्छ ।
- सुशासनका अवरोध पहिचान गर्न सहयोगका लागि यस सत्रको साना समूह कार्य सुरु हुनपूर्व नै वितरणका लागि स्रोत सामग्री ६.१ बमोजिमको फोटो कपी गरी वितरण सामग्री तयार गर्नुपर्दछ ।

**यस सत्रका लागि आवश्यक सामग्री**

स्रोत सामग्री ६.१ सुशाशन

स्रोत सामग्री ६.२ सम्बन्ध ढाँचा १,२ र ३

**अन्य सामग्री**

# सहजकर्ताहरूका लागि सुझाव – ६

## क्रियाकलाप ६.१ सुशासनको धारणा

समयः १५ मिनेट

- यो सत्र सहभागीहरूलाई विषयवस्तुका बारेमा परिचित गराउनका लागि अन्तरक्रियात्मक गतिविधिबाट सुरु गराउन सकिन्छ । चकलेट खेल बाट सुरु गराउनका लागि एउटा सुझाव दिन सकिन्छ ।

  – सहभागीको सङ्ख्याको आधा वा आधाभन्दा कम एउटा क्यान्डीका टुक्रा सबै सहभागीले देख्ने गरी प्रशिक्षण कक्षको बीचमा राख्नुपर्दछ । क्यान्डी सजिलैसँग टुक्रा गर्न नमिल्ने हुनुपर्दछ । (उदाहरणका लागि गोलो, कडा गुलियो)।
  – सहभागीहरूमध्येबाट दुइजना स्वयंसेवक समूहका प्रतिनिधिको रूपमा छान्नुपर्दछ ।
  – सबै सहभागीलाई सन्तुष्टि हुने गरी मिठाई बाढ्नका लागि आग्रह गर्ने तर यसका लागि केवल उनीहरूका लागि तीन मिनेट समय दिने ।
  – क्यान्डी कसरी बाड्ने भनेर नसिकाउने । उनीहरूले क्यान्डी कसरी बाड्छन् भन्ने कुरा सामान्य रूपमा अवलोकन गर्ने ।
  – तीन मिनेट समय समाप्त भएपछि क्रियाकलाप बन्द गर्न लगाउने ।

- छलफलको क्रियाकलाप अघि बढाउने । यस विषय वा क्रियालाई सुशासनको प्रक्रियासँग सम्बन्धित गर्न सकिन्छ । छलफलका लागि संकेत १) प्रतिनिधिहरू आवश्यक हुन्छन्  २) स्रोतहरू सधै सीमित हुन्छन् ३) सबै मानिस समान हुँदैनन् आदि । यस खेलका लागि दश मिनेट भन्दा बढी समय लगाउनु हुँदैन । यस अभ्यासले सहभागीहरूलाई सुशासनको विषयमा परिचित हुन सहयोग पुऱ्याउने छ ।

## क्रियाकलाप ६.२ सुशासनका अवरोधहरू

समय : ३० मिनेट

- स्रोत सामग्री ६.१ मा दिएअनुसारका तीनवटा स्लाइड प्रस्तुत गर्नुहोस् (अर्थ र मापदण्ड मात्र) । शासन कस्तो हुनुपर्दछ भनी यसको परिभाषा व्याख्या गरिएको छ तर समस्या के हो भने यसमा धेरै पक्षको कमी छ । अब हामीले अवरोधहरू के हुन सक्दछन् भनी पता लगाउनुपर्दछ भन्ने कुरा सहभागीलाई बताउनुपर्दछ ।
- बल गुडाउने विधिबाट सुशासनका अवरोधहरू के हुन सक्दछन् भनी सहभागीबाट सुझाव सङ्कलन गर्न सकिन्छ । प्रक्रिया तल उल्लेख गरिएअनुसार छ :
  – सबै सहभागीलाई आ-आफ्नो कपीमा सुशासनका अवरोधका बारेमा पाँचवोट महत्त्वपूर्ण बुदाँ लेख्न लगाउने ।
  – सँगै बसेका दुईजना सहभागीलाई आफ्नो कुर्सी घुमाइ आफूले लेखेका बुँदाहरू साथीसित आदान प्रदान गर्नलगाउने र त्यसपछि दुबैजनका बुँदाहरू मिलान गरी एउटा सूची तयार गर्न लगाउने ।
  – त्यसपछि चारजना सहभागीलाई सँगै बस्न लगाई आफूले लेखेका बुँदाहरू आपसमा आदानप्रदान गर्न लगाउने र सबै चारजनाका बुँदाहरू मिलाई एउटै सूची तयार गर्न लगाउने ।

- यसरी प्रत्येक चारजना सहभागीका लागि एउटै सूची तयार भइसकेपछि प्रत्येक समूहलाई आफ्नो सूची पाटीमा लेख्न लगाउने ।
- अन्त्यमा सुशासनका अवरोधको एउटा लामो सूची तयार हुन्छ ।
- यस अभ्यासको प्रत्येक चरण पूरा गर्न पाँच मिनेट भन्दा बढी समय लगाउनु हुँदैन ।

### क्रियाकलाप ६.३ अवरोधहरूका बारेमा सामूह कार्य

समय : ४५ मिनेट

- सहभागीको चारवटा समूह बनाउने । प्रत्येक समूहलाई पहिचान भएका अवरोधहरूका बुँदामा काम गर्न लगाउने । (यदि बोर्डमा अवरोधका बीसवटा बुँदाको सूची बनाएको छ भने प्रत्येक समूहलाई पाँच-पाँचवटा दिने)
- यी अवरोध हटाउन स्थानीय तहमा के कस्ता उपायहरू तयार गर्न सकिन्छ भनी समूहमा छलफल गर्न लगाउनुपर्दछ । अवरोधहरू हटाउनका लागि तयार गरिने उपाय प्राप्त सुझावका आधारमा व्यावहारिक तथा स्पष्ट हुनुपर्दछ ।
- सहजकर्ताले समूहलाई समूहकार्यका लागि सहयोग गर्नुपर्दछ । यस प्रकारका अभ्यासमा सहभागीले व्यावहारिक तथा विषयवस्तुमा केन्द्रित भएर कार्य गर्ने भन्दा पनि ठूला ठूला कुरा र क्रियाकलाप र विचार बढी दिन्छन् । यस समूह कार्यका लागि तीस मिनेटको समय दिनुपर्दछ । समूहकार्यको प्रस्तुतिका लागि एक जना समूह प्रतिनिधिको छनोट गर्न लगाउनुपर्दछ ।
- समूह कार्य पूरा भएपछि सबै सहभागीलाई पूर्ण छलफलको सत्रमा बोलाउने र प्रत्येक समूहबाट पाँच पाँच मिनेटको प्रस्तुतीकरण गर्न लगाउने ।

### क्रियाकलाप ६.४ सुशासनका विशेषताहरू

समय: ३० मिनेट

- स्रोत सामग्री ६.१ को बाँकी स्लाइड प्रस्तुत गर्ने । यदि सबै बुदाँहरूको विस्तृत व्याख्या गर्न थालियो भने धेरै समय लाग्न सक्तछ । समयको ख्याल राख्नु पर्दछ र प्रत्येक विषयका लागि तोकिएको समयअनुसार प्रस्तुतीकरण गर्नुपर्दछ ।
- प्रश्नोत्तरका लागि केही समय दिनुपर्दछ । यसै सत्रमा प्रस्तुत भएको स्रोत सामग्री ६.१ सहभागीलाई अध्ययनका लागि यस सत्रको समाप्तिपछि वितरण गर्न पनि सकिन्छ । यो सामग्रीमा सत्रमा प्रस्तुत विषय छोटकरीमा समावेश भएको हुन्छ ।
- यस सत्रको समाप्ति पछि स्रोत सामग्री ६.२ सँग सम्बन्धित पढ्ने सामग्री वितरण गर्न सकिन्छ । यद्यपि सुशासनको विशेषतामा बढी ध्यान केन्द्रित गर्न चाहेमा यस सत्रलाई दुई भागमा बाँढेर पछिल्लो सत्रमा लिङ्केजको ढाँचा प्रस्तुत गर्न सकिन्छ । सहभागीलाई सत्रमा प्रदान गरिएका पठन सामग्री हेर्न लगाउन पनि सकिन्छ यदि उनीहरूले सुशासन तथा यसका विशेषताका बारेमा विस्तृत जानकारी हासिल गर्न चाहे भने ।

त्यसपछि प्रश्नेत्तरका लागि केही समय सत्र खुला गर्ने । सुरुदेखि अन्त्यसम्म छलफललाई सुशासनसित जोडेर हेर्ने प्रयास गर्नुपर्दछ । छलफलको बेला तल लेखिएका बुँदाहरू सहभागीलाई बताउने र साथै सत्र समापन टिप्पणीका रूपमा पनि बताउन सकिन्छ ।

- जनवकालत कुनै खाली स्थान वा शून्यतामा गरिँदैन । यो नियमित चल्ने कार्यक्रमको एक भागको रूपमा रहेको हुन्छ । साथै यो एउटा धेरै अघिदेखि गरिआएका नियमित क्रियाकलाप जस्तो नयाँ विचार पनि होइन । यो शब्द भर्खरै जनवकालतको विविध धारणा, सिद्धान्त तथा विकासको क्षेत्रमा प्रयोग हुन थालेको शब्द हो र प्रमुख शब्द भएको छ ।
- यस प्रकार जनवकालत सुशासनसँग सम्बन्धित छ । यद्यपि हामी सुशासन शब्दलाई खुला तथा सूक्ष्म रूपमा हेर्न तथा अवरोधहरूलाई व्यावहारिक दृष्टिले हेर्न सक्षम हुनुपर्दछ ।
- यस सत्रमा प्रस्तुत भएका संक्षिप्त विषयले मात्र सुशासनका बारेमा पूर्ण जानकारी दिने सक्तैन। । यद्यपि यस सत्रको उद्देश्य सुशासनका बारेमा सहभागीलाई सचेतीकरण गर्नु मात्र हो ।

## स्थानीय तालिम कार्यक्रमको लागि विशेष सुझाव

यस सत्रलाई स्थानीय तालिमका लागि स्थानीय सन्दर्भमा उपयोगी बनाउनका लागि आवश्यकताअनुसार सुशासनका सम्पूर्ण पक्षलाई समेट्दै पुनःसंरचना गर्नुपर्दछ । स्रोत सामग्री ६.१ र ६.२ ले यस सत्रको पुलःसंरचना गर्नका लागि सहयोग गर्दछन् । कुनै कुनै सन्दर्भमा माथि दिएका अध्ययन सामग्री पनि उपयोगी हुन सक्तछन् भने विभिन्न सन्दर्भमा आवश्यकता हेरी अरु उपयोगी सामग्री पनि तयार गर्न सकिन्छ ।

# सत्र – ६ का लागि स्रोत सामग्री

## ६.१ सुशासन

सुशासनका कुरा उठाउने बित्तिकै शासनको कुरा आउदँछ । त्यसकारण यी दुई शब्दको विश्लेषण गर्न यसले मदत गर्नेछ । यसका लागि तल उल्लेख भएका विषय सहयोगी हुन्छन् ।

### शासनको अर्थ

१. शक्तिको प्रयोग राजनीतिक, आर्थिक, न्यायिक, प्रशासनिक देशका सबै तहका सार्वजनिक मामिलाहरूलाई व्यवस्थित गर्नका लागि गरिन्छ ।
२. एउटा तटस्थ धारणा -सबै प्रकारका सरकारले (निरंकुश, प्रजातान्त्रिक आदि) शासन गर्नुपर्दछ र एउटा निरकुंश पनि योग्य शासक हुन सक्छ ।
३. यो सरकारको पद्धतिको एक जटिल संयन्त्र हो जसमा सरकारका सबै क्रियाकलाप समावेश हुन्छन् ।

### सुशासनको अर्थ

अधिकारमुखी विकासमा विश्वास गर्नेहरूका लागि सुशासन भनेको सार्वजनिक क्रियाकलाप तथा स्रोत व्यवस्थित गर्ने जनकेन्द्रित तरिका हो जसले सम्पूर्ण जनसङ्ख्यालाई हित गर्दछ जसमा विपन्न र छेउलगाइएका सम्पूर्ण मानिसको अधिकार केन्द्रबिन्दुका रूपमा रहन्छ । आवश्यकतामुखी विकासको धारणा अन्तरगत कार्य गर्नेहरूका लागि सुशासन सार्वजनिक स्रोत व्यवस्थाजन गर्ने एक तरिका हो जसले गरीबको हितरक्षाका लागि उनीहरूका आवश्यकताका बारेमा सम्भव भएसम्म बढी ख्याल गर्दछ । पहिलेदेखि नै समाजका शक्तिशालीहरूका हकमा सुशासन राज्य सञ्चालन गर्ने प्रभावकारी उपाय हो जसले गर्दा त्यहाँ कुनै किसिमको विद्रोहविना नै गरिब लाई व्यवस्थित गरिएको हुन्छ र शक्तिशालीहरूको अधिकारलाई चुनौती पनि दिदैंन ।

### सुशासनका मापकहरू

निम्न मापनहरू सुशासनको धारणामा समावेश भएका हुन्छन् ।




### दूरदृष्टि/लक्ष्य

अर्थ : दीर्घकालीन योजना जसले विगतका सोचाइ, योजना र बुझाइप्रति समझदारी तथा कार्यक्रमलाई (निरन्तरता दिने वा सच्याउने) भन्ने कुरालाई विचार गर्दछ ।

**दूरदृष्टिका विशेषताहरू :** यस दूरदृष्टि/लक्ष्यको अभिव्यक्तिमा समावेश हुने तत्त्व

- पहिलेका समूह व्यक्ति अथवा नेतृत्त्वले तोकेका प्राथमिकताको पहिचान ।
- वर्तमान प्राथमिकताको विश्लेषण ।
- भूत र वर्तमानका प्राथमिकताको समीक्षा ।
- आवश्यक परिमार्जनका साथै निरन्तरता जस्तै: विगतका कुराबाट सिक्ने तथा भावी योजनामा समावेश । कुनै कार्य पुन: नयाँ कुराबाट सुरु नगर्नु जहाँ पुगेको छ त्यहीँबाट सुरुगर्नु ।

## सहभागिता

अर्थ : सार्वजनिक काममा भाग लिनु ।

सहभागिताको स्तर निम्न प्रश्नहरूले निर्धारण गर्दछन् ।

- को सहभागी भएको छ ? पुरुष, महिला, दलित, गरीब, सुकुम्बासी, आदिबासी समूह, जनजाति आदि अथवा जो पहिलेदेखि नै शक्तिशाली छन् ।
- कुन् स्तरको सहभागीता छ ? यो वास्तविक हो वा केवल नाम मात्र ? के सहभागीता केवल कागजमा मात्र छ वास्तविकतामा छैन ? शासन प्रक्रियामा वास्तविक रूपमा कसको भनाई चल्छ ? उदाहरणका लागि कुनै देशमा महिलाहरूलाई विभिन्न निकायमा स्वत: समावेश गरिएको हुन्छ तर वास्तवमा तिनीहरूका आवाजको सुनुवाई भएको हुँदैन ।
- सहभागिताको उद्देश्य के हो ? नम्बरको गणना गर्ने अभ्यास ? के स्रोता मात्र सहभागी छन् ? सुन्नु मात्र सहभागिता हो ? बोल्न सक्नु मात्र सहभागिता हो ? के सहभागिता भनेको वास्तवमा निर्णयमा प्रक्रिया संलग्नता हुनु हो ? के निर्णयको अनुगमन गर्न सक्ने हुनु सहभागिता हो अथवा निर्णय थोपर्नु सहभागिता हो ? र यस्तै अन्य विषय ।
- सहभागिता हामी कहाँ चाहन्छौं ? राज्यको अन्य संस्थाहरूमा मात्र ? अथवा हाम्रा आफ्नै संस्थामा वा अन्य संस्थाहरूमा जो हामीसँग काम गरिरहेका हुन्छन् वा केवल सैद्धान्तिक वा व्यङ्ग्यात्मक रूपमा ?

**सहभागिताको विद्यमान स्तरको समीक्षा:** सर्वप्रथम सहभागिताको अभिवृद्धि गर्न विद्यमान अवस्थाको समीक्षा गर्नु आवश्यक हुन्छ । यसको अन्त्यमा माथि उल्लेखित बुँदाका अतिरिक्त निम्न प्रश्नहरू ध्यानमा राख्नु जरूरी हुन्छ ।

- वर्तमान समयमा सहभागिताको अवस्था के छ ?
- प्रशस्त मात्रामा महिलाहरू छन् कि छैनन् ?
- कुनै दलित र अन्य पीडित जनजाति समूहबाट कर्मचारी नियुक्ति गरिएका छन् वा छैनन् ?
- नयाँ सदस्यको नियुक्ति गर्ने हामीलाई अधिकार छ कि छैन ?
- यदि छैन भने हामी के गर्न सक्छौं ?
- विनम्रतापूर्वक यस्ता सवाललाई हामी सेमिनार, सम्मेलनहरू, सभा, लेख, प्रतिवेदन र यस्तै अन्य माध्यममार्फत उच्च तहमा उठाउन सक्छौं कि सक्तैनौं ?
- कम्तीमा हामीले विद्यमान अवस्थाको विश्लेषण र परिणामका बारेमा सूचित गर्न सक्छौं ?

## उत्तरदायित्त्व

***अर्थ : के गर्नुपर्दछ र के गरिदै आइएको छ भन्ने बीचको अन्तर नै उत्तरदायित्त्व हो ।***

**निम्नलिखित रेखाचित्रले यसलाई दर्शाएको छ :**




**विशेषताहरू:** उत्तरदायित्वको वास्तविक विशेषताको पहिचान गर्न कठिन छ । यद्यपि निम्नखिखित प्रश्नहरूले उत्तरदायित्वका केही विशेषता पहिचान गर्न सहयोग गर्दछ ।

- जनताबाट हामीले के सुझाव वा आलोचना सुन्छौं ? आत्मकेन्द्रित, ठूलाबडाकेन्द्रित, राज्यकेन्द्रित अथवा जनकेन्द्रित ईमानदारिता ।
- कुनै संस्था वा व्यक्ति त्यो स्थान जनतालाई छाडेर हिडेपछि कस्तो आलोचना वा प्रतिक्रिया गर्दछन् ? पूर्ण रूपमा नकारात्मक/नकारात्मक/सकारात्मक/पूर्णसकारात्मक
- हामीले कुनै संस्था छाडेपछि हामी त्यस संस्थाबाट के चाहन्छौ ?

सुशासनलाई बुझाउन पहिले नै धेरै मापनहरूका बारेमा छलफल भइसकेको छ । स्थानीय सन्दर्भमा धेरै मापनहरू पहिचान गर्न सकिन्छ । त्यस्ता केही मापनहरू र तिनीहरूको विशेषता तल दिएको छ ।

**जवाफदेहिता :** यो सहायक मापक प्रत्यक्ष रूपले सार्वजनिक कार्यमा व्यक्तिको जिम्मेबारीसित सम्बन्धित छ । यो उत्तरदायित्वसित गाँसिएको छ । उत्तरदायित्वका विशेषताहरू यस प्रकार छन् :

- समय पालनाको स्तर : कार्यालय, बैठक, सभा, छलफलका लागि दिइएको समय ।
- लिखित जवाफको स्तर : चिठ्ठी, निवेदन, पृष्ठपोषण वा सुझाव आदि ।
- टेलिफोनबाट दिने जवाफको स्तर : कुराकानी गर्ने इच्छा, पुन: फोन गर्नु होला, शिष्टाचारका लागि फोन गर्नु ।
- इमेल जवाफको स्तर : प्राप्ति, इमेल प्राप्तिको जानकारी र जवाफ दिनु ।
- सुनाइकोस्तर : सीप, उत्सुकता, मानिसलाई महत्त्व दिनु आदि ।
- स्वीकृतिको अवस्था : तर्क, असहमती, गुनासाहरू आदि ।
- वचनवद्धता : स्पष्टीकरणसाथ प्रस्तुत हुनु ।
- व्यक्तिगत नीतिको अवस्था : खुल्लादिल वा कठोर ।

**प्रभावकारिता :** यो एउटा तुलनात्मक शब्द हो । यदि कुनै अफिस वा काममा एक जना मात्र भए तुलना गर्नु पर्ने आवश्यकता रहँदैन । तर वर्तमान समय तुलनात्मक छ । तुलनाका लागि अनेक तरिका, विधि, प्रक्रिया र शैली छन् । हरेक स्तरमा जनता तुरुन्त तुलना गर्दछन् र आफ्नो सोच पनि सोहीअनुसार तयार राख्दछन् । प्रभावकारीता भनेको हामी लक्ष्यको कतिको नजिक पुग्यौं भनी नाप्ने कुरा हो -जस्तै : विभिन्न तत्त्वहरूलाई विचार गर्दा मूल्य, गुणस्तर, मैत्रीपूर्ण वातावरण तथा सरल सम्बन्ध । निम्नलिखित प्रश्नहरूले केही प्रष्टता प्रदान गर्दछन् । उदाहरण स्वरूप यदि कुनै संस्थामध्ये अधिकांश प्रश्नका बारेमा नकारात्मक जवाफ दिन्छन् भने त्यस्तो संस्था गम्भीर संकटमा छ भन्ने बुझ्नु पर्दछ ।

- हामीले जनतालाई प्रदान गर्ने सबै सेवा छिटाछरिता छन् ?
- हामी सस्तो र सरल तरिकाले सेवा उपलब्ध गराउन सक्छौं ?
- हाम्रा उत्पादनहरू गुणस्तरीय छन् कि छैनन् ?
- जनतासित हामीले मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सक्छौं कि सक्दैनौं ?
- जनता हामीसँग सम्बन्ध विकास गर्न वा कायम गर्न खुसी छन् कि छैनन् ?

**प्रतिवद्धता :** प्रतिवद्धता र प्रभावकारिता एक आपसमा अन्तरसम्बन्धित मापक हुन् । यी मापकहरूलाई संस्थागत र व्यक्तिगत प्रतिवद्धताको आधारमा वर्गीकरण गर्न सकिन्छ । एउटा संस्था सञ्चालन गर्न एक जना व्यक्ति जिम्मेबार हुन्छ । धेरै व्यक्तिको संयुक्त प्रतिवद्धता संस्थागत प्रतिवद्धता बन्दछ । प्रतिवद्धताको मापनका लागि निम्नलिखित सुझावहरूले केही विचार प्रदान गर्न सक्दछन् ।

- पहिल्यै भएका निर्णय, दूरदृष्टि, रणनीति र क्रियाकलापको निरन्तरता ।
- इमान्दारिताको मात्रा- इमानदारिता भनाइमा तथा गराइको सन्दर्भमा ।
- विभिन्न मुद्दामा गम्भीरता-गरिबी, स्वास्थ्य उपचार र अन्य विषयहरूमा ।
- सम्झौताका तर्क - प्रजातन्त्र र मानव अधिकारप्रति प्रतिवद्धता आदि ।
- सेवा प्रदानको अवस्था - जनताका फाइदाका लागि व्यक्तिगत स्तरमा हामी के गर्न सक्छौं ?
- व्यक्तिको त्याग - के हामीले उपभोग गरेका सुविधा अरू जनताको फाइदाका लागि त्याग गर्न सक्छौं ?
- समझौताको स्तर - के हामी आफ्नो परिवारसित परिश्रमी, सादा जीवन र गरीब लाई हेरेर बस्ने समझौता गर्न सक्छौं ?
- अरुको बानीसित हेलमेल हुने स्तर : के हामी सामाजिक कुरीति, धार्मिक र राष्ट्रिय स्तरका नराम्रा कुराहरूबाट टाढा रहन सक्छौं ? जसले गर्दा जनताले हामीलाई एक जिम्मेबार व्यक्तिको रूपमा सम्मान गर्न सकून् ।

**कार्य दक्षता :** यो मापन वैयक्तिक ज्ञान र सीपसँग सम्बन्धित छ जसले गर्दा हामी काममा प्रभावकारी हुन्छौं । संसार परिवर्तनशील छ । हामीहरू नयाँ, खोजपूर्ण, छिटो र आश्चर्यजनक प्रविधिहरू प्राप्त गरिहेका छौं । के हामी यी सबै परिवर्तनसँग परिचित छौं त ? यी परिवर्तनसँग युवापुस्ता पहिलेदखि नै परिचित छन् । के हामीसँग नयाँ कुरा सिक्ने, सुन्ने क्षमता, धैर्यता तथा प्रवृत्ति छन् त ? हाम्रो संस्था काममा कतिको छिटो छरितो छ ? हामीमा कतिको हाकिमीपन छ ? हामीसँग कस्तो परम्परागत कर्मचारीतन्त्र छ ? यसबारे जनताले हामीलाई के भन्छन् ? यी प्रश्नहरूले हाम्रो कार्यदक्षता माथि औंलो उठाउँदछन् ।

## ६.२. सम्बन्ध ढाँचा

**सम्बन्ध ढाँचा - १**

जनवकालत पहलको प्रमुख ध्येय भनेको स्थानीय तहमा सुशासन कायम गराउनु हो । यद्यपि शासन व्यवस्थामा सुधार गर्नु तथा यसलाई असल बनाउनु भनेको दीर्घकालीन सोच हो । एउटा संस्थाले कटिवद्ध वा समर्पित भएर लागे पनि माथिल्लो तहमा सफलता प्राप्त हुन्छ नै भन्न सकिँदैन । सुशासन कायम गर्न वा प्रवर्द्धनका लागि भूमिका खेल्ने अन्य तमाम कर्ताहरू पनि छन् । यस ढाँचाले सहभागीलाई बुझेर घर पर्कन सकून् भन्ने आशा गर्दछ ।




**सम्बन्ध ढाँचा -२**

यस रेखाचित्रको केन्द्रबिन्दुमा रहेको तत्त्वले अन्य वरिपरि आवश्यक परिपूरक तत्त्वहरूकासाथ कानूनी शासन देखाउँदछ । स्थिर, दरिलो कानुनी शासनविना जनताका अधिकार सुनिश्चित गर्न सकिँदैन । यो धारणा तलको ढाँचामा देखाइएको छ ।



**सम्बन्ध ढाँचा -३**

समुदायको तहमा सुशासन प्राप्त गर्न आवश्यक रणनीति र कर्ता बीच विभिन्न तहमा रहेको सम्बन्ध यस ढाँचाले देखाउँदछ ।




त्यस कारण सुशासनको दृष्टिकोण आवश्यक छ यो प्राप्त गर्ने मार्ग भने सजिलो छैन । सुशासन प्राप्तिका लागि विविध चरण पार गर्नै पर्दछ र विविध रणनीतिहरू आवश्यक हुन्छ । माथिल्लो तहको ढाँचा अथवा रेखाचित्रमा प्रस्तुत गरिएको ढाँचा अझै बढी चुनौतिपूर्ण छ ।

# सत्र - ७
# जनवकालतका चरणहरू - सवालको पहिचान र विश्लेषण

समय: २ घण्टा

**यस सत्रको समग्र उद्देश्य**

जनवकालत प्रक्रियाको प्रारम्भिक धारणागत र व्यवहारिक चरणका बारेमा परिचित हुनु ।

**यस सत्रका विशेष उद्देश्यहरू**

- जनवकालत पहलका आधारहरूको सारांश प्रस्तुत गर्नु ।
- सवालहरू पहिचान गर्ने तरिकाहरू र तरिका आत्मसात गर्नु ।
- परियोजनाको सन्दर्भमा प्रत्येक क्षेत्रबाट कम्तिमा एउटा सवाल पहिचान गर्नु ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप ७.१ जनवकालतका क्रमगत पाइलाहरू | १५ | (१५) |
| क्रियाकलाप ७.२ जनवकालतका लागि सवालको पहिचान र विश्लेषण | ७५ | (९०) |
| क्रियाकलाप ७.३ सवालको पहिचान र विश्लेषणका सुझावको प्रस्तुतीकरण | ३० | (१२०) |

**पूर्व तयारी**

- यस प्रस्तुतीकरणलाई जीवन्तता दिनका लागि सहजकर्ताले वास्तविक जीवनसित सम्बन्धिम उदाहरणका साथ पूर्ण रूपमा तयारी हुनुपर्दछ । जतिपनि उदाहरणहरू प्रस्तुत गरिन्छ सबै व्यावहारिक र सहभागीहरूका वस्तुस्थितिसित मेलखाने खालका हुनुपर्दछ ।
- प्रस्तुतीकरणका लागि यस निर्देशिकामा समावेश गरिएका मुख्य बुँदाहरू पर्याप्त छन् । यद्यपि सहजकर्ताका लागि यी बुँदाहरू मात्र पर्याप्त हुँदैनन् । त्यसकारण सहजकर्ताले यस विषयसित सम्बन्धित विचार उल्लेख भएका विषयको अध्ययन गर्नुपर्दछ । यदि त्यस्ता विषय भएका पुस्तक पाइएन भने यस कार्यशालाका लागि तयार गरिएको तालिम निर्देशिका पनि सहयोगी हुन सक्तछ ।
- प्रस्तुतीकरणको अवधिमा सहजकर्ताले आफ्नो विचार सहभागीमा लाद्नु हुँदैन । प्रस्तुतीकरणमा समावेश गरिएका कुनै कुनै बुँदासित केही सहभागी सहमत नहुन सक्दछन् । यस्तो अवस्थामा सहजकर्ताले आफ्ना विचार प्रस्तुत गर्नुपर्दछ । तर सहभागीलाई आफ्ना विचार स्वीकार्न दवाब दिनुहुँदैन ।

**यस सत्रका लागि आवश्यक सामग्री**

स्रोत सामग्री ७.१ - जनवकालत पहल योजनाको ढाँचा

स्रोत सामग्री ७.२ - नीति विश्लेषणको सामान्य वर्णन

स्रोत सामग्री ७.३ - नीतिगत सवाल पहिचानका लागि उदाहरणहरू

स्रोत सामग्री ७.४ -नीतिगत वातावरण र मुख्यकर्ताहरूको पहिचान

स्रोत सामग्री ७.५ - एक घटना अध्ययन : नेपालको चुरे पहाडमा जीविकोपर्जन

स्रोत सामग्री ७.६ - एक घटना अध्ययन : चिटगाउँ पहाडको (CHT) बन तथा भूमि अधिकार

**अन्य सामग्री**

# सहजकर्ताहरूका लागि सुझाव – ७

### क्रियाकलाप ७.१ जनवकालत पहल योजनाको ढाँचा

समय: १५ मिनेट

यो सत्र सहभागीका लागि जनवकालत पहलका बारेमा सामान्य समझदारी बढाउनका लागि मात्र हो । यस सत्र पछि कार्यशालाको विषयवस्तु सङ्क्षेपमा जनवकालतका वास्तविक विषयमा केन्द्रित हुन्छ ।

- जनवकालत ढाँचाको (स्रोत सामग्री ७.१) जनवकालत पहल योजनाको ढाँचा प्रस्तुत गर्ने ।
- यस सत्रमा छोटकरीमा मात्र छलफल गर्न समय दिने । विषयवस्तुमाथि विस्तृत छललफल यसपछिको सत्रमा गरिनुपर्दछ । यो कुरा सहभागीलाई बताई दिनु पर्दछ । त्यस कारण यस सत्रमा सामान्य केही प्रश्न मात्र गर्न दिनुपर्दछ ।

### क्रियाकलाप ७.२ जनवकालतका लागि सवालहरूको पहिचान (समूह कार्य)

समय: १५ मिनेट

यो प्रस्तुतीकरण सकिने बित्तिकै सहभागीहरूको चारवटा समूह बनाउनुपर्दछ । त्यस पछि दुईवटा घटना अध्ययन (स्रोत सामग्री ७.५ र ७.६) दुईवटा समूहलाई समूह कार्य गर्न लगाउनु पर्दछ र बाँकी दुई समूहलाई तोकिएका अन्य फरक किसिमका घटना अध्ययन दिनुपर्दछ ।

- समूहकार्यमा घटना अध्ययनको अन्तिममा दिएका प्रश्नहरूको उत्तर पत्तालगाउन सहभागीलाई भन्नुपर्दछ । समूह छलफलका लागि एक घण्टाको समय दिने । समूहकार्य सकेपछि उनीहरूले पत्तालगाएको छलफलको नतिजा प्रस्तुतीकरण तयार गर्न लगाउने । समूहकार्यको परिणाम प्रस्तुत गर्नका लागि सहभागीमध्येबाट एकजना प्रस्तुतकर्ता छान्न लगाउने यो प्रस्तुति समस्यावृक्षको आकारमा प्रस्तुत गनुपर्दछ । समस्यावृक्ष बनाउन सहभागीलाई प्रस्तुत गर्ने कागजको पाना, मेटाकार्ड आदि बनाउन प्रोत्साहित गर्ने ।
- समूहकार्य सकेपछि सबै समूहलाई छोटकरीमा प्रस्तुत गर्न लगाउने । प्रस्तुत गरेको विषय अस्पष्ट भए स्पष्ट पार्न लगाउने र त्यसपछि सहभागीहरूलाई प्रश्न सोध्न अनुमति दिनुपर्दछ ।

### क्रियाकलाप ७.३ सुझावको वा सन्देशको प्रस्तुतीकरण

समय: ३० मिनेट

- नीति विश्लेषणका सहायक चरणहरूलाई छोटकरीमा प्रस्तुत गर्ने (स्रोत सामग्री ७.२, ७.३ र ७.४) । (स्रोत सामग्री ७.३ र ७.४) प्रस्तुत गरिसकेपछि यस सत्रलाई छोटकरीमा निष्कर्ष बताई समापन गर्न सकिन्छ ।
- त्यसपछि प्रश्नोत्तर तथा छलफलका लागि मञ्च खुला गर्नुपर्दछ । सहजकर्ताले पूर्ण छलफलको क्रममा सङक्षेपमा निम्नलिखित बुँदाहरूका बारेमा प्रकाश पार्न सक्दछन् ।

- यो सिकाईको सत्र हो । त्यसकारण यस सत्रमा सुझावका रूपमा प्रस्तुत भएका घटनाहरू सिकाइका साधनका रूपमा प्रयोग भएका हुन् । यद्यपि हाम्रो आफ्नो कार्यक्षेत्र तथा वास्तविक वस्तुस्थितिका सन्दर्भमा जनवकालतका वास्तविक सवालहरूको पहिचान तथा विश्लेषण गर्नका लागि पर्याप्त समय दिनुपर्दछ । यस प्रक्रियाका लागि धेरै स्रोत र शक्तिको आवशयकता पर्दछ । अनेक पटक छलफल गर्नुपर्ने आवश्यक हुन सक्छ ।
- सवालहरूको विश्लेषण गर्दा तथ्य, चित्र, प्रवाह र विचारको महत्त्वपूर्ण भूमिका हुन्छ । यो एक प्रकारको अनुसन्धानको कार्य हो जसलाई पूरा गर्न कठिनाईको सामना गर्नुपर्दछ । यो कार्य गर्ने सिलसिलामा हामीले आफ्नो सोचाई, विचार तथा धारणामा परिवर्तन गर्नु पर्ने अवस्था पनि आउन सक्तछ किनभने हामीले जुन परिकल्पना गरेर काम थालेका हुन्छौं वास्तविकतामा त्यो भन्दा फरक हुन सक्तछ ।

जनवकालतको बिर्सन नहुने महत्त्वपूर्ण पक्ष यसको प्राथमिक लक्ष्य हो जुन् जनताको सशक्तीकरणमा लक्षित हुन्छ विशेषत: ती मानिसहरू जसलाई यस्ता सवालले प्रभावित गरेको हुन्छ । त्यसकारण जब यी चरणको अनुशरण गरिन्छ त्यतिखेर जनसहभागिताको प्रक्रिया अपनाउनु पर्दछ । जनसहभागिताविना जनवकालत जनताका लागि मात्र हुन्छ जनता आफैले सञ्चाल गरेको हुँदैन । जनसहभागिताविना तर्जुमा भएको योजना प्रक्रियामा जनवकालतको सशक्तीकरणको पक्ष बेवास्ता हुन्छ । जबसम्म प्रभावित जनता यस प्रक्रियामा आफै सशक्त तथा सक्रिय हुँदैनन् जनवकालतको नीतिगत परिवर्तनको अन्तिम लक्ष्य प्राप्त गर्न सकिँदैन ।

# सत्र – ७ का लागि स्रोत सामग्री

## ७.१ जनवकालत पहल योजनाको ढाँचा

विभिन्न तरिकाले नियाल्दा जनवकालत रणनीति योजना तर्जुमा औपचारिक योजना तर्जुमा भन्दा फरक छैन। तथापि जनवकालत योजना सुरु गर्दा सवाल पहिचानबाट हुन्छ र यो लक्षित नीति परिवर्तन नहुन्जेलसम्म तथा प्रयोग गरिने रणनीतिक साधनहरूको नीतिमा समावेश नभएसम्म चलीरहन्छ । सामान्य योजना तर्जुमा प्रक्रियामा यस्ता कुरा तथा तर्कगत प्रक्रियामा त्यति ध्यान दिएको हुँदैन । तल उल्लेख भएका तर्कसंगत चरणहरूको सारांश जनवकालत योजना ढाँचाको सन्दर्भमा सहयोगी हुन सक्तछ ।

**पाइला १** – नीतिहरूको विश्लेषण

- नीतिगत सवालको पहिचान
- सवाल/नीतिलाई प्रभावित गर्ने संस्था तथा प्रमुख कर्ताको पहिचान
- नीतिको वातावरण विश्लेषण
- उपलब्धीहरूको संक्षेपीकरण
- नीति परिवर्तनको लागि विकल्पहरूको पहिचान

**पाइला २** – रणनीतिहरूको ढाँचा

- एउटा नीतिगत मुद्दाको चयन
- लक्षित वर्गको छनोट
- नीतिको लक्ष्य निर्धारण
- सहयोगी र विरोधीहरूको पहिचान

**पाइला ३** – परिष्कृत रणनीति

- सङ्गठनहरू बीचको भूमिका छनोट
- मुख्य सन्देशको छनोट
- जनवकालतका क्रियाकलापलाई परिभाषित गर्नु – यो योजनाको सबभन्दा कठिन अभ्यास हो
- आवश्यकता बमोजिम रणनीति र क्रियाकलाप

**पाइला ४** – कार्ययोजनाको ढाँचा निर्माण

- समय तालिका निर्माण
- बजेट र आर्थिक सहयोगको प्रणाली तयार
- अनुगमन र मूल्याङ्कनलाई सहयोग गर्न लग फ्रेम (Log Frame) वा त्यस्तै अन्य (tools) साधनको तयारी गर्नु

माथि उल्लेख गरिएका चरणहरू विस्तृत देखिन्छन् । जनवकालत पहलको योजना तयार गर्दा अनुसरण गर्नुपर्ने चरणहरू देखेर वकालतकर्ताहरू सुरुमै डराए भने उनीहरूले जनवकालतको कार्य सुरु गर्न नै सक्दैनन् । यद्यपि माथि बताइएका अधिकांश बुँदाहरू (जानेर होस् वा नजानी) पहिले नै कुनै संस्थाले पूरा गरिसकेको हुन सक्तछन् अथवा सवालमाआधारित जनवकालत गर्ने इच्छा जाहेर भईसकेको हुन सक्तछन् । सबै चरण क्रमवद्ध रूपमा सञ्चालन गर्नुपर्दछ भन्ने छैन । विभिन्न संस्था वा व्यक्तिले साथ साथै वा अलग अलग पनि कार्यान्वयन गर्न सक्दछन् ।

## ७.२ नीति विश्लेषणको सामान्य बुझाइ

**नीतिको अर्थ** : नीति भनेको एक व्यवस्थित योजना, कार्ययोजना अथवा नीति नियमको सङ्कलन हो जुन् सरकार, व्यवसायी संस्थाहरू वा अन्य संस्थाहरूले अनुशसरण गरेका हुन्छन् जसले निर्णय प्रक्रिया तथा कार्यप्रक्रियालाई प्रभावित गर्दछ ।

**नीति विश्लेषणको अर्थ** : नीति विश्लेषण एउटा प्रक्रिया हो (क) गरिबी र विभेदको कारक तत्त्वको रूपमा रहेका सवालको पहिचान गर्नु (ख) मुख्यकर्ताहरू तथा संस्थाहरूको पहिचान जसले पहिचान वा चयन गरिएका नीतिका बारेमा निर्णय गर्दछन् (ग) नीतिगत वातावरणको विश्लेषण गर्नु जसले गर्दा त्यस्ता नीतिलाई कसले कहाँबाट कसरी प्रभाव पार्नका लागि के काम सुरु गर्न सक्तछ र सफलताका लागि के आशा गर्न सकिन्छ ।

**नीति विश्लेषणको आश्यकता** : जनवकालतको पहल सुरु गर्नुपूर्व नीतिहरूको विश्लेषण गर्नुपर्ने कारण बारे निम्नलिखित बुँदाहरू प्रस्तुत गरिएको ।

- समस्या समाधानका लागि समस्याका कारणको विस्तृत विश्लेषण नगरिकन समस्या समाधान गर्न सकिन्न ।
- समष्टिगत अथवा विस्तृत विश्लेषण गर्दाखेरी गरिबी सम्बन्धी नीतिगत पक्षलाई कदापि बिर्सनु हुँदैन ।
- नीति निर्माता तथा कार्यन्वयनकर्ताहरूको कार्यले जनताको सम्पन्नता वा विपन्नतामा असर गर्दछ । नीतिगत कारणले गर्दा गरिबी र विभेदीकरण भएको हो भन्ने कुरा निर्देशित गर्दछ ।

## ७.३ नीतिगत सवालहरूको पहिचान

सामान्यत, नीतिगत सवालहरूलाई तीन किसिमले हेरिनुपर्दछ (क) नीतिको अभाव (ख) अपर्याप्त नीति र (ग) नीतिको गलत कार्यान्वयन । वैचारिक स्पष्टताका लागि निम्नलिखित उदाहरण प्रस्तुत गरिएको छ । उदाहरणको रूपमा नेपालमा महिला शिक्षाको समस्यालाई लिन सकिन्छ । यस सन्दर्भमा तलको तालिकामा प्रस्तुत विवरण हेरौं ।

| समस्या: नेपालका महिलाहरू शिक्षाको समान अवसरबाट वञ्चित । | | | |
|---|---|---|---|
| **मूल प्रश्नहरू** | **वर्तमान् अवस्था** | **नीतिगत सवाल** | **जनवकालत रणनीतिमा केन्द्रित** |
| के विद्यमान नीतिले महिला शिक्षालाई अभिवृद्धि गर्छ ? | गर्दैन | शिक्षाको समान अवसरका लागि शैक्षिक नीतिको अभाव । | बालिका शिक्षाको लागि नयाँ नीतिको स्थापना गर्नु । |
| के विद्यमान नीतिले महिलाको शिक्षामा अवरोध गर्छ ? | गर्छ | अन्य विपरित नीतिहरूले महिलाको शिक्षामा अवरोध गर्दछ । | केटा र केटीको शिक्षामा समान अवसर प्रदान गर्न अवरोध ल्याउने नीतिहरूलाई परिवर्तन गर्नु । |
| महिलाको शिक्षा उचित तरिकाले बढाउने नीतिहरू लागु गरिएको छ ? | छैन | कमजोर संस्थागत सङ्गठन र नीति कार्यान्वयमा संकल्पको कमि | समान शिक्षाको अवसरलाई सहयोग गर्ने नीतिहरूको कार्यान्वयनमा जोड दिनु । |

## ७.४ प्रमुख कर्ताहरूको पहिचान तथा नीतिगत वातावरण

### प्रमुख कर्ताहरूको पहिचान

जनवकालत रणनीति निर्माणका लागि नीतिनिर्माता र उनीहरूको इच्छा र आशयको विश्लेषण गर्नु महत्त्वपूर्ण हुन्छ । तल दिएका प्रश्नले त्यस्ता विषयको पहिचानमा सहयोग पुऱ्याउँछ :

- हामीले पहिचान गरेका नीतिगत सवालहरूमा प्रत्यक्ष निर्णय कसले गर्दछ ?
- नीतिनिर्माताका निर्णयहरूलाई कसले प्रभावित गर्दर्छ ?
- नीतिनिर्माता तथा नीतिनिर्माणमा प्रभाव पार्ने मान्छेको यस्ता सवालमा चासो छ कि छैन ?
- उनीहरूसित के यस्ता स्रोत साधन छन् ?
- प्रमुख नीति कसले बनाउँदछ र यस्ता नीति बनाउन कसले नियन्त्रण गर्दछ ?

### नीतिगत वातावरणको विश्लेषण

नीतिको विश्लेषण गर्नु एक जटिल कार्य हो । यस सन्दर्भमा यस्तो विश्लेषणमा विविभन्न तत्त्व समावेश भएका हुन्छन् । जनवकालत समूह यस्तो वातावरणको विश्लषण गर्न सक्ने हुनुपर्दछ । तल दिएका प्रश्न यस बारेमा सहयोगी हुन सक्तछन् :

- के पहिचान भएका नीतिगत निर्णयमा जनसहभागीता हुन्छ ? सहभागि गराउने के कस्ता माध्यमहरू विद्यमान छन् ?
- मुख्य निर्णयहरू कहाँ गरिन्छ र यस्ता निर्णयहरू कसले नियन्त्रण गर्दछ ?
- पहिचान गरिएका सवालमा व्यापक छलफल भएको छ कि छैन ? पहिचान गरेका सवाल जनसरोकारका हुन् ? यसमा जनाताले चासो लिन्छन् ? समाचार पत्रले यस्ता विषयमा लेख्छन् वा लेख्दैनन् ?
- पहिचान गरिएका नीतिगत सवाल सरकारको प्राथमिकतामा पर्दछन् ? सरकारको विद्यमान नीति नियम परिवर्तन गर्ने योजना छ ? विगत केही वर्षभित्र यस सम्बन्धी कस्ता नीति नियमहरू स्वीकृत भए वा अस्वीकृत भए ?
- राजनीतिक तप्कामा के परिवर्तन हुन सक्तछ ? चुनाव आएको छ कि ? आगामी चुवनावले पहिचान गरिएका सवाललाई प्रभावित गर्दछ कि ?

माथिका सबै प्रश्न के उत्तरलाई सँगेटेर समस्या वृक्षमा कारण र प्रभाव सहित देखाउन सकिन्छ । यस प्रकारको नीति विश्लेषणको सारांशले परिणामलाई सजीव चित्रको रूपमा व्याख्या भएको कुरा दर्शाउँदछ । यस प्रकारको विश्लेषणले नीति परिवर्तनको विकल्पको पहिचालनका लागि एउटा जग बसाउँदछ । तलको उदाहरण हेर्न सकिन्छ ।

## नीति परिवर्तनका लागि विकल्पको पहिचान

| नीतिगत सवाल | | नीति परिवर्तनका लागि विकल्प |
|---|---|---|
| शिक्षामा बालिकाहरूका लागि समान अवसर उपलब्ध गराउन नीति नियमित छैनन् | → | विद्यालयहरू सञ्चालन गर्न शैक्षिक नीतिहरू प्रस्ताव गर्नुपर्छ, जसका कारण बालिकाहरूले शिक्षामा समान अवसर प्राप्त गर्न सकून । |
| सरकारी निकायहरूले स्रोत साधनलाई भौतिक संरचना निर्माणतर्फ बढी खर्च गर्छन् र बालिकाहरूको शिक्षालाई कम प्राथमिकता दिन्छन् । | → | ग्रामीण क्षेत्रमा सरकारले संचालन गरिरहेको बालिका शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्नु । |

## विचार गर्नुपर्ने कुराहरू

नीति विश्लेषणलाई अन्तिम रूप दिनु पूर्व तल लेखिएका कुरालाई ध्यानमा राख्नुपर्दछ । यस सन्दर्भमा तल दिएका प्रश्नमा ध्यान दिनुपर्दछ :

- समस्या समाधानमा दिगो असर पार्ने ठूलो तथा प्रभावशाली नीतिगत सवाल कुन् चाहिं हो ?
- यी सवालहरूका सम्बन्धमा केही पनि गरिएन भने के हुन्छ ?
- कुन् नीति परिवर्तन सजिलै हुन सक्तछ र कुन् चाहिँ समय लाग्ने र खर्चिलो हुन्छ ?
- कुन् चाहिं नीति परिवर्तनमा महत्त्वपूर्ण सहयोग प्राप्त हुन सक्तछ अथवा ठूलो विरोधको सामना गर्नुपर्ला ?
- कुनै समस्या समाधान अरुभन्दा जोखिमपूर्ण छन् ? यदि छन् भने त्यस्ता समस्या कसरी कम गर्न सकिन्छ ?
- नीतिनिर्माताको ध्यानाकर्षण गर्ने कार्यमा कसले नेतृत्त्व लिनुपर्दछ ?
- वर्तमान समयमा कुन् नीतिगत समाधानहरूमा तपाईको संस्था अथवा सहयोगी संस्था त्यस्ता लक्ष्य प्राप्त गर्ने सक्ने बलियो अवस्थामा रहेको छ ?

## विचार गर्नुपर्ने केही कुराहरू

कुनै पनि देशको निश्चित कानुनी संरचनाभित्र रहेर अधिकांश गै.स.सं.हरूले मध्यस्थकर्ता संस्थाको रूपमा काम गरिहेका हुन्छन् । कुनै अन्तर्राष्ट्रिय सङ्गठन भएमा त्यसलाई कुनै निश्चित क्षेत्र वा राज्यमा काम गर्नका लागि सरकारको स्वीकृति वा मान्यता आवश्यक हुन्छ । यसरी प्रदान गरिएको स्वीकृति कुनै निश्चित कानुनको

आधारमा वा कुनै समझदारी पत्र जुन् कानुनी रूपमा मान्य र पालना गर्नु पर्ने हुन्छ । कुनै स्वदेशी संस्था भए निश्चित स्थापित कानुन नियमको अधिनमा रही कार्य गर्नुपर्दछ । यसको उल्लङ्घन गरेको खण्डमा संस्थाले कानुनी हैसियत गुमाउन पनि सक्तछ । अधिकारमा अधारित सवालमा काम गर्नु भनेको विश्वासको वातावरण तयार गर्नु हो । यस्तो विश्वास त्यस्ता संस्थाहरू जो पीडित छन् तथा जुन् समुदायसित काम गर्ने हो तिनीहरूलाई पनि त्यस्तो समस्या (आर्थिक तथा भौतिक) रूपमा पर्ने अवस्यम्भावी छ । यस्ता समुदायलाई जो आफै पीडित महसूस गरेका हुन्छन्, कुनै विशेष बिन्दुमा अघाडि बढाइयो र पछि आफ्नो संस्थाको वाध्यताले गर्दा बीचैमा छाडी दिइयो भने उनीहरूले ठगिएको वा धोका दिएको ठान्दछन् । यो एउटा सामना गर्नुपर्ने गम्भीर असमंजस्यतापूर्ण अवस्था हो जसको सामना गर्नुपर्दछ ।

त्यसकारण हामी सबै जो अधिकारमुखी जनवकालतका सवालमा काम गर्न चाहन्छौं यस्तो अवस्था वा चरणमा होसियार हुनुपर्दछ । यी कुरालाई मध्यनजर गर्दै निम्नखिलित कुराहरू जसले जनवकालत सुरु गर्नुपूर्व जनवकालत गर्ने कि नगर्ने भन्ने कुरा निश्चित गर्न वा सोच्नका लागि दिएको छ चिन्तन गर्नुपर्दछ ।

- हामीले गरेको जनवकालतका कारण हामीले काम गर्ने समुदाय जसलाई सशक्त बनाउन वकालत गरिन्छ त्यही कुरा खतरा र हिंसाको कारण हुन सक्तछ । वकालतका लागि काम गरेको कारण वा सशक्तीकरण गर्न खोजेको समुदायलाई नराम्रो हुन सक्छ । यसका साथै जनवकालत गर्ने मानिसलाई पनि सरकारले काम गर्ने ठाउँ वा समुदाय छोड्ने आदेश दिनसक्ने भएकाले समुदाय वा सरकारको हामीप्रतिको विश्वसनीयता गुम्न सक्ने सम्भावना रहन्छ । उदाहरणका लागि : यदि सरकारले सम्झौता, समझदारी पत्र, (MOU) नवीकरण नगरेमा वा मान्यता नदिएमा व्यक्ति वा संस्थाको रूपमा कार्यक्रम सञ्चालन गर्न सकिन्न । जनवकालत गर्ने संस्था वा व्यक्तिका लागि आउने यी चुनौति वा खतरा हुन् ।
- यो समय नीति उपर छलफल गर्ने ठीक हो वा होइन ? तपाईंले सञ्चालन गरेको जनवकालतको कारण राज्यलाई अन्य ठूला समस्याको सामना गर्ने कुरामा असर त पर्दैन ?
- जनवकालतमा हाम्रो सम्लग्नताले समस्यालाई झन जटिल त बनाउँदैन ? जनवकालतमा निश्चित सङ्गठनहरूको सम्लग्नताले समस्या खडा गरेका धेरै विषयहरू छन् जसका कारण उनीहरूले कार्य क्षेत्रमा कडा प्रक्रियाको सामना गर्नुपर्दछ ।
- समस्या समाधानका अन्य उपाय के छन् ? जुन् कम खर्चमा विभिन्न रणनीतिका कार्यक्रमहरू बनाएर जनवकालत भन्दा धेरै व्यावहारिक र नीतिपरक बनाउन सकिन्छ । जनवकालत नै सबै कुरा होइन र सबै समस्या समाधानको एकमात्र विकल्प जनवकालत पनि होइन ।
- कुनै समस्या समाधानका लागि तत्काल कुनै काम गर्नुपर्दछ । यस्तो सन्दर्भमा जनवकालत त्यति व्यावहारिक हुँदैन किन भने जनवकालत रणनीतिका माध्यमबाट समस्याको समाधान गर्न लामो समय लाग्दछ ।

विकासे कार्यकर्ता व्यवसायिक जनवकालतकर्ता वा सामाजिक जनवकालतकर्ता हो भन्ने बारेमा ठूलो विवाद रहेको पाइन्छ । पश्चिमी देशहरूमा पारिश्रमिक लिएर वकालतकर्ताले व्यवसायिक जनवकालतको काम गर्दछन् । यद्यपि यस्ता वकालत कर्ताहरूले आफ्नो कर्तव्यभन्दा बाहेक निश्चित विषयमा व्यक्तिगत रूपमा समावेश भई काम गर्दछन् र छेउलगाइएका मानिसका लागि हामी मात्र एक हौं भन्ने प्रश्नहरू कम उठ्ने गर्दछन् । विकसित देशका वकालतकर्ताहरूले छेउलगाइएका मानिसको सशक्तीकरणका लागि ऐक्यवद्ध भएर इमान्दारिताका साथ काम गर्नुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन् । यसको अर्थ के हो भने उनीहरूले आफ्नो

कार्यका लागि पारिश्रमिक लिन वा नलिन पनि सक्दछन् । यस अर्थमा हेर्दा जनवकालतको दुई अर्थ हुन्छ प्रथम: अर्काका लागि बोली दिने र दोस्रो: अरुको आवाजमा आफ्नो समर्थन् वा आवाज मिलाई दिनु वा छेउलगाइएका जनताका खोसिएका अधिकार प्राप्तिका लागि उठाइने आवाजमा साथ दिनु हो ।

आर्थिक रूपले विकासशील देशहरूमा यसरी व्यवसायिक जनवकालत गर्नुको आशय के हो ? यदि हामी शुद्ध सामाजिक जनवकालतको पहल गरिरहेका छौं भने हामीले माथि उल्लेख गरेका कुराहरूमा ध्यान दिनुहुँदैन। हामी जसका लागि काम गरिरहेका छौं उनीहरूसँग अघि बढ्नुपर्दछ । गैरसरकारी संस्थामा वा अ.गै.स. संस्थामा काम गर्ने जागिरेको जनवकालत कार्यमा के भूमिका हुन्छ ? भन्ने कुरामा हामीले प्रश्न उठाउनु पर्दछ जसले गर्दा हामी के हौं, के होइनौं भन्नु पर्ने आवश्यकता रहँदैन किन भने हाम्रो बारेमा उनीहरूलाई राम्ररी थाहा हुन्छ ।

### ७.५ नेपालको चुरे पहाडमा आजीविका - एक घटना अध्ययन

नेपालको चुरे क्षेत्र रोडादार ढुङ्गा, चट्टान र झाडी पाइने ससाना थुम्के डाँडा भएको पहाड हो । यो पहाड उत्तरपट्टिको मध्यपहाड र दक्षिण समथर भूमिको बीचमा पर्दछ । यो पहाडी क्षेत्र फराकिलो नभए पनि नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । सन् १९५० पूर्व यो क्षेत्र उत्तरी पहाड र दक्षिणी समथर क्षेत्रबाट अलगअलग थियो । यो क्षेत्र घना झाडीदार जंगल भएको उत्तर तथा दक्षिणपट्टि घना जनसङ्ख्या भएको क्षेत्रको बीचमा रहेको थियो । यस पहाडको दुबैतिरका बासिन्दाका लागि दाउरा, घाँस तथा अन्य बनपैदावर ल्याउने मुख्य स्थानको रूपमा रहेको थियो । यो क्षेत्र दुबैतिरका बासिन्दाका लागि पशुचरनको उत्तम ठाउँको रूपमा रहेको थियो । यस क्षेत्रमा मानिसको बसोबास भएको थिएन किन भने यहाँको गर्मी याममा बढी गर्मी र जमीन सुखा हुन्छ ।

सन् १९६० पछि जनसङ्ख्या वृद्धिका कारण विशेषगरी उत्तरी पहाडी भेकका गरीब मानिस यस क्षेत्रमा बसाई सर्नथाले र सुरुमा थोरै परिवारले यस पाहडको खेतीयोग्य जमिनमा बसोबास गर्न थालेका थिए । बिस्तारै यहाँ बसोबास गर्ने परिवारको सङ्ख्या वृद्धि हुँदै गयो । सन् १९९८ तिर आउँदा यस क्षेत्रमा बसोबास गर्ने लगभग कुल जनसङ्ख्याको १० प्रतिशत अर्थात् जनसङ्ख्या दशलाख पुग्यो । परिणामस्वरूप यस क्षेत्रको हरियाली, झाडीदार वन प्राय नष्ट भयो । यसरी जङ्गल फँडानी गरेको कारण वर्षायाममा दक्षिणको समथर भूमि बाढीप्रकोपबाट पीडित हुन थाल्यो । यसरी अव्यवस्थित बसोबास गर्ने मानिसको व्यवस्थाका लागि कानुन निर्माण गर्ने, लागु गर्ने, दक्षिणको उब्जाउ समथर भूमिको संरक्षण र व्यवस्थापन गर्ने जिम्मेबारी सरकारको भए पनि त्यसको आवश्यकता उपर वेवास्ता भयो साथै उत्तरपट्टि बसोबास गर्ने मानिसले पनि यसप्रति चासो दिएनन् ।

यद्यपि यस क्षेत्रको संरक्षणका लागि अन्तर्राष्ट्रिय संस्था जस्तै GTZ, CARE Nepal र Helvetas ले सरकारलाई पानीढलोसंरक्षण, वन संरक्षण तथा यस क्षेत्रका बासिन्दाको जीविका सुधारका लागि सहयोग भएबाट कार्यक्रम सञ्चालन भइरहेका छन् । मध्यपहाडी भेकमा सफल भएको सामुदायिक बनको धारणा केही वर्षपूर्व यस क्षेत्रमा लागु गरिएको छ । यद्यपि आशा गरेअनुसारको परिणाम प्राप्त हुन सकेको छैन ।

यस परिस्थितिको विश्लेषण गर्दा असफल हुनुका कारण के देखाउँदछ भने यस क्षेत्रमा बसोबास गर्ने ८०% जनताले बीस वर्षदेखि दर्ता नै नगरेको जमिनमा खेती गर्दै आएका छन् । विद्यमान भूमि सम्बन्धी कानूनअनुसार

जसले जमिन दर्ता गर्दैन त्यस्तो जमिन कानुनअनुसार अवैधानिक हुन्छ र त्यस्तो जमिनमा बसोबास गर्ने मानिसले गैरकानुनी रूपमा अतिक्रमण गरेको हुन्छ । दर्ता नभएको सबै जमिन वन विभागको नियन्त्रणमा रहेको वनको जग्गा हुन्छ र विद्यमान कानुनअनुसार वन विभागले गैरकानुनी रूपमा वनक्षेत्रमा बसोबास गर्नेलाई हटाई त्यस्ता जग्गामा वृक्षारोपण गर्न सक्ने कानुनी प्रावधान रहेको छ । उनीहरूलाई हटाउन प्रयास गरिएता पनि उनीहरूको नाम मतदाता सूचीमा दर्ता भएकाले विविध राजनीतिक पार्टीले उनीहरूलाई भोट बैंकका रूपमा प्रयोग गर्ने मनसाय राखेकाले उनीहरूलाई हटाउन सकिएको छैन ।

यस्तो अवस्थाका कारण समुदायमा सुरक्षाको भावना छैन जसले गर्दा उनीहरू समाज परिवर्तनको दिशातर्फ अनुत्प्रेरित छन् । उदाहरणका लागि यस क्षेत्रमा बस्ने ९० प्रतिशत भन्दा बढी परिवारले काठका अस्थायी घर बनाएका छन् जुन कुनै पनि बेला सजिलैसित सार्न सकिन्छ । यस क्षेत्रमा विकासका लागि लगानी गर्न कोही पनि तयार छैनन् र सरकारले पनि स्कूल, बाटो, खानेपानी र भवन जस्ता भौतिक संरचना निर्माण गर्ने चासो देखाएको छैन।

- समूह कार्यका लागि निम्नअनुसार प्रश्नहरू दिन सकिन्छ ।
- यस क्षेत्रका सामान्य समस्याहरू के के हुन् ? मूलभूत समस्याहरू के के हुन् ? (समस्याहरूका जड कारण के हुन् )
- यी मामिला सम्बन्धी नीतिमा परिवर्तन ल्याउन सक्ने मुख्य कर्ताहरू को को हुन् ?
- गुणस्तयुक्त जीवन सुनिश्चित गर्नका लागि कुनै उपयुक्त नीति देख्नुहुन्छ ? यी जनताको गुणस्तयुक्त जीवनमा प्रतिकूल असर गर्ने कुन् कुन् नीति हुन् जस्तो लाग्छ ?
- कमी कमजोरी वा त्रुटि कहाँ कहाँ छन् ? -नीतिमा, नीति लागु गर्ने कुरामा आदि ।

## ७.६ चुरे पहाडका बासिन्दाको वन तथा भूमि अधिकार - एक घटना अध्ययन

चिटगाउँ पहाडी प्रान्त (Chitgong Hill Track - CHT) बङ्गलादेशको दक्षिण भू-भागमा पर्दछ जसमा- खग्राछारी, वन्डारवन र रङ्गमती गरी तीनवटा जिल्ला छन् । सन् १९८० मा ब्रिटिस उपनिवेश कालका शासकहरूले चिटगाउँ पहाडी जिल्ला बनाएका थिए । त्यस बखत केबल एउटा चिटगाउँ जिल्ला मात्र थियो । सन् १९८० ताका यसलाई तीन जिल्लामा विभाजन गरियो - खग्राछारी, वन्डारवन र रङ्गमती । चिटगाउँको उत्तर र दक्षिण जङ्गल र पहाडले घेरेको छ । दक्षिणतिर उपत्यकाहरू छन् भने उत्तरतिर रहेको खग्रछारीको अधिकांश जमिन समथर छ भने रङ्गमतिको उत्तरको मध्य भाग बिजुली उत्पादनका लागि सन् १९६० मा निर्माण गरेको कप्ताइ तालले ढाकेको छ ।

चिटगाउँ पहाडी प्रान्तमा एघार विभिन्न आदिवासी समूहहरू बसोबास गर्दछन् जस्तै : चक्मा, मर्मा, त्रिपुरा, खुमी, म्रू, चाक, तन्चाङथा, लुसाई, पाङखो, ख्माङ्ग र बोम आदि । चक्मा, मर्मा र त्रिपुरा बाहेक अन्य समूहहरू चिटगाउँको सबै भागमा पाइँदैनन् । यस बाहेक अन्य जातिका समूह जस्तै : सन्थाल, नेपाली गोरखा, र अहोम आसामे जातिहरू सरकारले यहाका जातिसरह मान्यता नदिए पनि सयौं वर्षदेखि यस क्षेत्रमा बस्दै आएका छन् । लगभग डेढशय वर्ष पहिले यस क्षेत्रमा बसोबास गर्न बङ्गालीहरू पनि आएका थिए । सन् १९७० को मध्यतिर बङ्गलादेश सरकारले बङ्गालीहरूलाई यस क्षेत्रमा बसोबास सुरु नगराउन्जेल बङ्गालीहरूको सङ्ख्या कम थियो ।

चिटगाउँका विभिन्न समुदायको प्रतिनिधित्त्व गराई सन् १९८९ मा सरकारले स्थानीय सरकार परिषद्को स्थापना गऱ्यो । त्यसबेलासम्म तीनवटा जिल्लाको प्रशासक सहायक उच्चायुक्त हुन्थ्यो । स्थानीय सरकार परिषद्को स्थापना पछि प्रशासन सञ्चालनमा सहायक उच्चायुक्तको भूमिका न्यून रहँदै आएको छ ।

बङ्गलादेश सरकार र जन साङघती समिति बीचमा शान्ति संम्झौता भएपछि अर्को तल्लो तहको क्षेत्रीय परिषद्को गठन भयो । ब्रिटिस शासकहरूले चिटगाउँलाई ३ भागमा -चक्मा, बौमाङ्ग र मोङ्ग गरी तीनवटा प्रशासनिक क्षेत्रमा बाँडेका थिए । चक्माको प्रमुख (स्थानीय तहमा राजा भनिन्छ) पहिलो प्रशासनिक तह चक्मा समूहको मुखिया हुन्छ भने अर्को दुईवटा तहमा मर्माका प्रमुखद्वारा नेतृत्त्व प्रदान गरिन्थ्यो । त्यस सर्कलको भूमि "मौजा" मा विभाजन गरियो : जुन् एक इकाइ हो जहाँ भूमि सम्बन्धी कानुन र नियमसँग सम्बन्धित थियो । मौजासँग जिम्मेबार व्यक्तिलाई "हेडम्यान" भनिन्छ । मौजाका छिमेकीहरू पारा भनिन्छ जसको नेतृत्त्वले कारबारी गर्दछ (यो प्रशासनिक पद हो जुन सर्कल प्रमुख भन्दा मुनिको हुन्छ) । सबै प्रमुख व्यक्ति र कारवारीहरू सर्कल प्रमुखप्रति जवाफदेही हुन्छन् । आज पनि चिटगाउँमा यो स्थानीय प्रणाली केही हदसम्म प्रयोगमा रहेको छ ।

## चिटगाउँ पहाडी प्रान्तको वनको वर्गीकरण

खेतीयोग्य भूमि बाहेक वन स्रोतको उपयोग, नियन्त्रण र व्यवस्थित गर्नका लागि सन् १८७० मा वन विभागको स्थापना गरियो । ब्रिटिस उपनिवेश समाप्त भएको पचास वर्षपछि पनि वन विभागले उपनिवेश कालका विशेषता, प्रवत्ति र पद्धति अपनाई  चिटगाउँलाई सञ्चाल गर्दै आएको छ । चिटगाउँको वन स्रोतलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ (क) वन विभागद्वारा व्यवस्था र नियन्त्रण गरिएको आरक्षित वन (ख) वन विभाग र जिल्ला प्रशासकद्वारा व्यवस्था र नियन्त्रण गरएको संरक्षित वन (ग) जिल्ला प्रशासकको मातहतमा रहेको वर्गीकरण नगरेको राष्ट्रिय वन । वर्गीकरण नगरेको वनको सम्बन्धमा जिल्ला प्रशासनको अनुमतिमा जमिन भाडामा लिई अस्थाई खेती (Sifting Cultivation) गर्न पाउने प्रावधान रहेको छ । यसका साथै दर्ता नगरिएका राष्ट्रिय वन भाडामा लिएर रबर खेती गर्न पाइने प्रावधान रहेको छ ।

## हाल चिटगाउँमा वन विभागका क्रियाकलाप

सन् १९९० मा वन विभागले नयाँ संरक्षित बन बनाउन सुरु गऱ्यो । सन् १९९२ देखि १९९८ सम्ममा  यस कार्यक्रम अन्तरगत रहेको संरक्षित वनभित्रका तीसवटा मौजाको २,१८,००० एकड भूमिलाई वनमा परिणत गर्नका लागि सूचना जारी भयो । त्यो जमिन परम्परादेखि आधिकारिक रूपले स्थानीय जनताले प्रयोग गर्दै आएका थिए । यो जमिन आवासीय क्षेत्र हो जुन् कप्ताइ ताल बनाउँदा पीडित बङ्गाली र पहाडी जनताले प्रयोग गर्दै आएका थिए, उनीहरूलाई पुनर्स्थापन गराइयो ।

वातावरण संरक्षण तथा वृक्षारोपणको नाममा हाल वन विभागले स्थानीय आदिबासीको जमिन खोस्नका लागि विभिन्न प्रक्रिया सञ्चालन गरिरहेको छ । यो भूमि संरक्षित वनमा परिणत भएपछि त्यहाँका स्थानीय आदिबासी उनीहरूको अधिकारबाट तथा बन स्रोतको पहुँचबाट वञ्चित छन् । यसका साथै लगभग २,५०,००० बङ्गाली र पहाडी समुदायका जनता भूमिपति छन् तर यसका साथै अन्तहीन सामाजिक, आर्थिक र राजनीतिक वञ्चनको नयाँ कथा सुरु भएको छ । यो प्रक्रिया CHT भरि तीव्र रूपमा फैलिरहेको छ ।

## सेनाको कारण भूमि हडप

यसका अतिरिक्त सन् १९८४-१९८५ र सन् १९८९ -१९९१ मा ११४५० एकड जमिन सेनाले तालिमका क्रियाकलाप सञ्चालन गर्नका लागि कब्जा गरेकाले करिब १६ गाउँका अनुमानित ४००० जनजाति र (७०० बङ्गाली आदिबासी परिवार) भण्डारवान जिल्लामा मात्र खेतीयोग्य जमिनको प्रयोगबाट वञ्चित भएका थिए । यसरी जमिन खोसिएका परिवारले नाममात्रको क्षतिपूर्ति पाए जसबाट पुनर्वास हुन सक्तैन । जनता बसेको जमीनलाई जंगलमा परिणत गर्ने प्रक्रिया चिटगाउँ भरि नै चलिरहेको छ ।

त्यसको प्रभाव के भयो भने चिटगाउँमा शताब्दीऔदेखि बसोबास गर्दै आएका आदिबासी आफ्नो भूमि अधिकारबाट वञ्चित भए । सरकारले उनीहरूले गुमाएको अधिकार पुन: दिने कुरामा कुनै संकेत दिएको छैन । चिटगाउँमा विविध प्रकारका प्रशासनिक संरचनाहरू स्थापना भएका छन् । प्रशासनिक संरचनाको कुनै तहमा स्थानीय आदिबासी समुदायका नेताहरूलाई पनि समावेश गरिएको छ । यद्यपि कुनै पनि संरचनाको तहबाट आदिबासी जनताको अधिकार सुनिश्चित गर्नका लागि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिदैन । सुरक्षा सरकारको मुख्य बहाना बनेको छ जसले गर्दा यो मामिला स्थानीय आदिबासी र सरकार बीच द्वन्द्वको कारक बनेको छ ।

## छलफलका लागि प्रश्न

- यस क्षेत्रका सामान्य समस्याहरू के के हुन् ? मूलभूत समस्याहरू के के हुन् ? (समस्याका जड कारण के हुन्)
- यी मामिलासम्बन्धी नीतिमा परिवर्तन ल्याउन सक्ने मुख्य कर्ताहरू को को हुन् ?
- गुणस्तरयुक्त जीवन सुनिश्चित गर्नका लागि कुनै उपयुक्त नीति परिकल्पना गर्नु भएको छ ? यी जनताको गुणस्तरयुक्त जीवनमा प्रतिकूल असर गर्ने कुन् कुन् नीति हुन् जस्तो लाग्छ ?
- कमी कमजोरी वा त्रुटि कहाँ कहाँ छन् ? नीतिमा, नीति लागु गर्ने कुरामा आदि ।

# सत्र - ८
# खुला सत्र

समय - १ घण्टा

आजको दिनको यस अन्तिम सत्रलाई खुला सत्रको रूपमा प्रयोग गर्न सकिन्छ । यस सत्रमा बाह्य स्रोत व्यक्तिलाई बोलाएर उनीहरूको अनुभव आदानप्रदान, सहभागीहरूको अनुभवको आदानप्रदान वा छोटो स्थलगत भ्रमणका लागि योजना बनाउन सकिन्छ । खुला सत्र राख्नुको अर्थ हो सिकाइप्रक्रियामा रहेका कुनै अपुरा कुरालाई पूरा गर्ने वा सहभागीलाई विश्राम गर्ने अवसर दिन वा तालिम भन्दा फरक नयाँ कुरा सिक्ने मौका प्रदान गर्ने वा फिल्डमा गएर नयाँ क्रियाकलाप गर्नलाई समय दिनु ।

अन्तर्राष्ट्रिय समूहले यस समयको सदुपयोग किनमेल, दृश्यावलोकन तथा तालिम स्थल नजिकका कुनै संस्थाको भ्रमण गर्नका लागि प्रयोग गर्न सक्दछन् । तर स्थानीय स्तरमा हुने तालिमका लागि अन्य कुनै पनि प्रकारको योजना बनाउँन सकिन्छ ।